का.जि.प्र.का.द.नं. १००/०५९/६०
१८ जेठ २०८२,
आइतबार
1 June, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ११९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# भित्रियो मनसुन बढ्यो त्रास

- २० लाख बढी मानिस प्रभावित हुने आंकलन
- सतर्क रहन र विपदमा सहकार्य गर्न आग्रह
- ८२ हजार जनशक्तिसहित आवश्यक पूर्वतयारीमा राज्य संयन्त्र
- धरान-धनकुटा सडकखण्ड बग्यो

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ जेठ ।

नेपालमा सरदर समयभन्दा १५ दिनअगावै सुरू भएको मनसुनले नागरिकलाई वर्षासँगै बाढी पहिरोको त्रास बढाएको छ । बिहीबार रातिबाट नेपालको पूर्वी क्षेत्रहुँदै प्रवेश गरेको मनसुन कोशी प्रदेशमा फैलिएको र त्यसको २४ घण्टामै पूर्वका विभिन्न स्थानमा बाढीले बितण्डा मच्याएपछि नदी तटीय क्षेत्रका नागरिकमा त्रासदी बढेको हो ।

बंगालको खाडी, दक्षिण भारतको केरला, श्रीलंका, माल्दिभ्स आसपासको क्षेत्र हुँदै मनसुन नेपालतर्फ सोझिएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । नेपालमा १९ जेठबाट मनसुन शुरू हुने प्रक्षेपण गरिएपनि त्यसको ३ दिन अगावै कोशी राजमार्गको धरान-धनकुटा सडकखण्ड बाढीले क्षति पुऱ्याएको छ ।

जसका कारण धनकुटा हुँदै जाने भोजपुर, संखुवासभा, ताप्लेजुङ, पाँचथरको यातायात ठप्प भएको छ । शनिबार झापामा माईखोलाको बाढीले २२ घर डुबानमा परेका छन ।

विभागका अनुसार कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका धेरै स्थानमा तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन चट्याङसहितको हल्कादेखि मध्यम वर्षा भइरहेको र केही दिन यसले निरन्तरता पाउने छ । पानी पार्ने प्रणाली अहिले उत्तरतिर सर्दै जाँदा थप पानी पर्न सक्ने सम्भावना रहेकोले आवश्यक सतर्कता अपनाउन विभागले सचेत गराएको छ ।

कोशी प्रदेशको झापा, इलाम, मोरङ र सुनसरी भएर बहने कन्काई नदी, बिरिङ खोला, केसलिया खोलालगायतको सतर्कता तहभन्दा माथिको बाढी मापन भएकाले त्यस भेगको नदी तटीय क्षेत्रमा बस्नेहरूले उच्च सतर्कता अपनाउन बाढी पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ ।

वर्षा गराउने बादल पूर्वी नेपालबाट उत्तरतर्फ सरिरहेकाले आगामी ३ दिन कोशी, नारायणी, कर्णाली, महाकाली >>> पृष्ठ २ मा

## पूर्वतयारीमा राज्य संयन्त्र

मनसुनजन्य जोखिम न्यूनीकरणका लागि सरकारले पूर्वतयारीका काम गरिरहेको बताएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता रामबहादुर केसीका अनुसार विपद् प्रतिकार्यसम्बन्धी कार्ययोजना बनाएको बताए । विपद् पूर्वतयारी तथा प्रतिकार्य कमान्ड सेन्टर बनाएर तुरुन्तै उद्धार, राहत र पुनःस्थापनामा जुट्ने गरी कार्ययोजना बनाइएको उनले मध्यान्हसँग भने ।

त्यस्तै नेपाली सेनाले मनसुन अवधिभरका लागि उद्धार तथा राहत कार्यमा ३५ हजार जनशक्ति तयारी अवस्थामा राखेको जनाएको छ । 'हामीले बाढी, पहिरो प्रभावित क्षेत्रमा खटिन सक्ने गरी आवश्यक औजारसहितका टोली र हेलिकोप्टर तयारी अवस्थामा राखेका छौं', सैनिक प्रवक्ता गौरवकुमार केसीले भने ।

त्यस्तै विपद् पूर्वतयारी तालिमदेखि आपतकालीन उद्धार टोली गठन गरी आवश्यक ठाउँमा खटाउने तयारीमा भइसकेको नेपाल प्रहरीले जनाएको छ । मनसुनजन्य विपद् व्यवस्थापनका लागि ३२ हजार प्रहरी जनशक्ति >>> पृष्ठ २ मा

## २० लाख प्रभावित हुने आंकलन

जल तथा मौसम विज्ञान विभागले यस वर्ष औसतभन्दा बढी वर्षा हुने भएकाले कम्तीमा २० लाख मानिसहरू प्रभावित हुने अनुमान गरेको छ । सबैभन्दा बढी लुम्बिनी प्रदेशमा १ लाख १९ हजार ८३० घरधुरीका ५ लाख २३ हजार ६५६ जना प्रभावित हुने अनुमान गरेको छ । दोस्रो बागमती प्रदेशमा ७४ हजार घरधुरीका ३ लाख २७ हजार ३७६ जना र कोशी प्रदेशका ६३ हजार १२७ घरधुरीका २ लाख ७५ हजार >>> पृष्ठ २ मा

# शीर्ष नेतालाई विश्राम लिन दबाब

'लामो समय एउटै अनुहार, एउटै भूमिकामा रहने विरलै मात्र हुन्छ होला'

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १७ वैशाख ।

ललितपुरमा शनिबार सम्पन्न 'गणतन्त्र नै सही बाटो' संवाद कार्यक्रमका युवा नेताहरूले ठूला दलका शीर्ष नेताहरूले विश्राम लिएकै दिनबाट सडकमा कुनै आन्दोलन नै देखा नपर्ने दावी गरेका छन् ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापा, नेकपा (एमाले)का सचिव योगेश भट्टराई, नेकपा (एकीकृत समाजवादी)का महासचिव घनश्याम भुसाल र नेता रामकुमारी झाँक्रीसहित नेताहरूले आफ्ना धारणा राख्ने क्रममा वर्षौंसम्म नागरिकले देशको नेतृत्वमा एउटै अनुहारमा देखिरहेकाले दलहरूप्रति वितृष्णा बढेको बताए ।

शीर्ष नेताहरूले विश्राम लिन उपयुक्त हुने बताउँदै नेपाली कांग्रेसका महामन्त्री गगन थापाले गणतन्त्रको सबैभन्दा आधारभूत विषय भनेकै राजनीतिक दल भएको बताए । महामन्त्री थापाले शीर्ष राजनीतिक दलका शीर्ष नेताहरूले आजकै दिनबाट आफ्नो तहबाट विश्राम लिन्छौं भनेको दिनदेखि नै अहिले भइरहेका आन्दोलनहरू हराउने दाबी गरे ।

थापाले भने, 'जहाँ चाहिँ समाजले अस्वीकार गरेको कुनै व्यक्ति, म पात्रमा भएको होइन । यति लामो समयसम्म एउटै अनुहार >>> पृष्ठ २ मा



# फैलँदो चिनियाँ फोरममा नेपाल पनि

- ३० भन्दा बढी देश सहभागी
- अन्तर्राष्ट्रिय विवाद, मुद्दा र मध्यस्थताको शान्तिपूर्ण विकल्प दिने
- चीनको अन्तर्राष्ट्रिय प्रभाव बढ्ने
- हङकङमा मुख्यालय

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १७ जेठ

चीनले 'मध्यस्थता-आधारित अन्तर्राष्ट्रिय विवाद समाधान समूह' नामको नयाँ अन्तर्राष्ट्रिय मञ्च बनाएको छ । यो मञ्चलाई शुक्रबार दर्जनौं देशहरूले अनुमोदन गरेका छन् । इन्डोनेसिया, पाकिस्तान, लाओस, कम्बोडिया, सर्बिया, बेलारुस, क्युबासहित ३० भन्दा बढी देशका प्रतिनिधिहरूले चीनका परराष्ट्रमन्त्री वाङ यीको उपस्थितिमा हङकङमा आयोजित समारोहमा 'अन्तर्राष्ट्रिय मध्यस्थता संस्था >>> पृष्ठ २ मा



## चीनको भूमिका बढाउने प्रयास

यो पहलले विद्यमान अन्तर्राष्ट्रिय विवाद समाधान प्रणालीहरूको पूरकको रूपमा काम गर्ने र राष्ट्र-राष्ट्रबीच तथा अन्य अन्तर्राष्ट्रिय विवादहरूलाई समाधान गर्न मुद्दा र मध्यस्थताको शान्तिपूर्ण विकल्प प्रदान गर्ने उद्देश्य लिएको छ ।

हङकङमा मुख्यालय रहने यो संस्थाले अन्तर्राष्ट्रिय विवादहरूको सौहार्दपूर्ण समाधानलाई प्रोत्साहन गर्ने र विश्वव्यापी सम्बन्धलाई थप सामञ्जस्यपूर्ण बनाउने उद्देश्य राखेको जनाइएको छ ।

केही विश्लेषकहरूले आईओमोडले चीनको अन्तर्राष्ट्रिय प्रभाव बढाउने र विश्वको दोस्रो ठूलो अर्थतन्त्रलाई वैश्विक शासनमा अझ प्रबल भूमिका निर्वाह गर्ने अवसर दिने बताएका छन् । >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# साउदीमा 'ब्लक वर्क भिसा कोटा' ३ हप्ताका लागि रोकियो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ जेठ ।

साउदी अरेबियाले नेपाल बाहेक १३ मुलुकबाट 'ब्लक वर्क भिसा कोटा' अन्तर्गतका कामदार लैजान ३ हप्ताको लागि रोक लगाएको छ ।

साउदी अरेबियाले आगामी २५ जुन तारेखसम्म आफूले कामदार ल्याउने भारत, पाकिस्तान, बंगलादेशसहित अल्जेरिया, इजिप्ट, इथियोपिया, इन्डोनेसिया, इराक, जोर्डन, मोरक्को, नाइजेरिया, सुडान, ट्युनिसिया र यमनका नागरिकहरूका लागि 'ब्लक वर्क भिसा कोटा' जारी गर्न रोक लगाएको हो ।

साउदी अरेबियाको मानव संसाधन तथा सामाजिक विकास मन्त्रालयले कम्पनीहरूलाई निश्चित संख्यामा विदेशी नागरिकहरू भर्ना गर्न दिएको पूर्व-अनुमतीलाई 'ब्लक वर्क भिसा कोटा' भन्ने गरिएको छ ।

२५ जुनसम्म रोक लगाइएको भनिएको भएपनि हालको अस्थायी रोकावट हज सिजनको अन्त्य अर्थात जुन २०२५ को अन्त्यसम्म कायम रहने अपेक्षा गरिएको छ । यो निर्णयले १३ मुलुकका कामदारहरूले कामका लागि भिसा प्राप्त गर्न ढिलाइ व्यहोर्नुपर्ने छ ।

यसबाट हजारौं विदेशी कामदार र अन्तर्राष्ट्रिय व्यवसायहरूलाई असर गर्ने आंकलन गरिएको छ । यो अस्थाई निलम्बन तीर्थयात्राको समयमा भित्रिने श्रम तथा आप्रवासन र रोजगारी क्षेत्रहरूमा नियामक निकायको निगरानी कडा पार्ने राज्यको व्यापक प्रयासको एक हिस्सा भएको साउदी अरबियाका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

प्रतिबन्ध अवधिमा १३ वटा देशहरूलाई कुनै नयाँ 'ब्लक भिसा कोटा' जारी गरिने छैन भने यसअघि स्वीकृत कोटाहरू पनि भिसा प्रक्रियामा गर्न ढिलाइ हुने अपेक्षा गरिएको छ ।

वर्किङ भिसा भएका तर साउदी अरेबियामा प्रवेश नगरेका व्यक्तिहरूले पनि प्रवेश प्रतिबन्धको सामना गर्न सक्ने छन् । साउदी अधिकारीहरूले कामदारसहित यात्रुहरूलाई यात्रा व्यवस्था गर्नुअघि आफ्नो >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१८ जेठ २०८२ आइतबार
1 June 2025, Sunday

# 'इमान, निष्ठा र क्षमताले कार्यसम्पादन गरे न्यायपालिका बद्नाम हुँदैन'

**ललितपुर/मस**–प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले इमान, निष्ठा र क्षमताका अधारमा कार्यसम्पादन गरे न्यायपालिका कहिल्यै बद्नाम नहुने स्पष्ट पारेका छन् ।

न्यायपालिका अधिकृत समाजको शनिबार ललितपुरमा आयोजित पाँचौं वार्षिक साधारणसभाको उद्घाटन समारोहमा अधिकृत समाजलाई संस्थागत उन्नयन र सामूहिक एकतामा आधारित रहेर काम गर्ने क्षमता मिलोस् भनी शुभकामना व्यक्त गरे ।

न्यायपालिकामा क्रियाशील अधिकृतमा व्यवस्थापनदेखि प्रशासकसम्म समन्वय गर्नसक्ने भूमिका रहने बताउँदै राउतले इमानदारीपूर्वक जिम्मेवारी निर्वाह गर्न सबै न्यायालयका कर्मचारीलाई आग्रह गरे । 'अधिकृत न्यायपालिकाको आधारस्तम्भ हो, यसको आधारमा सुधार गर्दै जानु जरुरी छ । मर्यादित, प्रतिष्ठित र निष्ठावान् न्यायपालिकाको कर्मचारी हुँदा सबैको शिर उँचो हुन्छ, यसमा ध्यान दिनुहुन मेरो आग्रह छ', उनले भने ।

मुद्दा फछ्र्यौट, पेसी व्यवस्थापनमा उत्साह र क्रियाशीलता आवश्यक रहेको बताउँदै उनले संसदीय समितिमा दुई वर्षभित्र दुई वर्षभन्दा बढी अवधिका मुद्दा शून्यमा झार्ने प्रतिबद्धता जनाएकाले सो उपलब्धि हासिल गर्न समन्वय र सहयोग गर्न सबैलाई अनुरोध गरे ।



प्रधानन्यायाधीश राउतले अधिकृत समाजले संस्थागत उन्नयन र सामूहिक एकताका आधारित रहेर काम गर्नुपर्नेमा जोड दिँदै न्याय क्षेत्रमा काम गर्ने अधिकृत समग्र न्यायपालिकाको ऐना भएकाले सोहीअनुसार कार्यसम्पादन गर्नुपर्ने धारणा राखे । न्याय क्षेत्र गरिमामय सेवा भएको बताउँदै उनले न्याय सेवाका कर्मचारीप्रति राष्ट्र र समाजले विश्वास गर्ने भएकाले हामी इमान्दार र निष्ठावान् हुनुपर्नेमा जोड दिए ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले न्यायपालिकाको गरिमा उच्च राख्न मन्त्रालयको निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । उनले संविधानले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबीच शक्ति सन्तुलन कायम गरेको जनाउँदै यसको गरिमालाई उच्च राख्न न्यायपालिका इमान्दार र पारदर्शी हुनुपर्ने धारणा राखे ।

न्यायपालिका अधिकृत समाजका संस्थापक अध्यक्ष न्यायाधीश विनोद शर्माले न्यायपालिकाको मेरुदण्ड अधिकृत भएको भन्दै अधिकृत मजबुत भए मात्रै न्यायसम्पादन सहज हुने बताए ।

सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार देवेन्द्रराज ढकालले न्यायपालिकामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अधिकृतले सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै तार्किक निष्कर्षमा पुऱ्याउने काम अधिकृतको भएको जानकारी दिए ।

सर्वोच्च अदालतका रजिस्ट्रार विमल पौडेलले न्यायसेवा क्षेत्रको कार्यसम्पादनलाई प्रभावकारी बनाउने उद्देश्यले न्यायपालिका अधिकृत समाजको स्थापना भएको जानकारी गराउँदै अवसरमा भन्दा पनि जिम्मेवारीलाई ध्यान दिएर लगनशीलतापूर्वक काम गर्न सबै कर्मचारीलाई आग्रह गरे ।

न्यायपरिषद्का सचिव यमबहादुर बुढाले ज्ञान, सीप र क्षमतालाई अधिकतम उपयोग गर्न न्यायपालिकाले ध्यान दिनुपर्ने बताए ।

उनले न्यायपालिकामा आउने सेवाग्राहीलाई सहज र शीघ्र, निष्पक्ष, पारदर्शी र प्रभावकारी सेवा प्रवाह गरेर सकारात्मक छाप छोड्नुपर्नेमा जोड दिए। न्यायपालिका अधिकृत समाजका अध्यक्ष बाबुराम दाहालले न्यायपालिकाको निष्ठा र गरिमालाई उच्च राख्न सधैं प्रयास गरिरहने प्रतिबद्धता जनाए ।

# सुर्तीजन्य पदार्थको सेवनले गम्भीर असर निम्त्याउँछः मन्त्री पौडेल

**काठमाडौं/मस**–स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले सुर्तीजन्य पदार्थ सेवनको कारण सामाजिक, आर्थिक र मानसिक असर गम्भीर पर्ने बताएका छन् ।

विश्व सुर्तीजन्य पदार्थविरुद्धको दिवसको अवसरमा भक्तपुर क्यान्सर अस्पतालको आयोजना तथा बुढानीलकण्ठ नगरपालिकाको सह-आयोजनामा बुढानीलकण्ठ मन्दिर परिसरमा आयोजित संकल्प कार्यक्रममा उनले भने, 'युवाहरू भविष्यका आधारशिला हुन्, तर उनीहरू नै यस्तो लतमा फस्दै गएका छन्, जुन उनीहरूको सम्भावनालाई नष्ट गरिरहेको छ । विद्यालय, क्याम्पस र समुदायका प्रत्येक तहबाट यसकोविरुद्ध आवाज उठ्नुपर्छ ।'



स्वास्थ्य मन्त्री पौडेलले सुर्तिजन्य पदार्थ सेवन आफु पनि नगर्ने र अरुलाई पनि नगर्न कार्यक्रममै संकल्प गराएका थिए ।

स्वास्थ्य मन्त्रालयका नीति तथा योजना महाशाखा प्रमुख डा.कृष्ण पौडेलले राज्यका केही निकायहरू राजस्वको मोहमा यस्ता उद्योगहरूलाई अप्रत्यक्ष रूपमा सहजीकरण गरिरहेको उल्लेख गर्दै ती उद्योगहरूले नागरिकको स्वास्थ्यमा दीर्घकालीन असर पारिरहेको बताए ।

'नियमनका लागि ऐन त छ, तर कार्यान्वयन कमजोर छ' उनले भने, 'सुर्तीजन्य उद्योगहरू राज्यको समृद्धिमा योगदान दिने आवश्यक क्षेत्र होइनन् । तर कर राजस्वको मोहमा राज्यका केही निकायहरूले यस्ता उद्योगलाई अप्रत्यक्ष रूपमा सहजीकरण गरिरहेका छन्, जसको सिँधा असर नागरिकको स्वास्थ्यमा परेको छ । यसले दीर्घकालीन रूपमा हाम्रो स्वास्थ्य प्रणालीमा भार बढाइरहेको छ ।'

पछिल्लो समय लागू गरिएको ऐनले केही मात्रामा नियन्त्रण ल्याएको भए पनि त्यो पर्याप्त नभएको उनले बताए ।

उनले थपे, 'नीतिको प्रभाव कार्यान्वयनमा निर्भर हुन्छ । यदि हामी सबै नागरिकले सुर्तीजन्य पदार्थको सेवन नगर्ने संकल्प लिन्छौं भने यस्ता उद्योगहरू स्वतः बन्द हुनेछन् ।'

दिवसको अवसरमा सुर्तीजन्य पदार्थविरुद्ध ऱ्याली र नाटक समेत प्रदर्शन गरिएको थियो ।

# बालीविज्ञानका विद्यार्थीलाई सिकाइ अभ्यास तालिम

**रुपक खड्का/मध्यान्ह**
बझाङ, १७ जेठ

कुलमस्टाजन मा.वि. भातेखोलामा कृषि प्राविधिक धारतर्फका विद्यार्थीहरुका लागि संचालन भएको ५ दिने सहभागितामूलक सिकाइ र कार्य(पिएलए)तालिमको समापन गरिएको छ । त्रिभुवन विश्वविद्यालयका प्रा.डा महेश पौडेलले प्रशिक्षण दिइएको तालिममा कुलमष्टाजनको बालीविज्ञान तर्फका १ सय भन्दा बढी विद्यार्थीको सहभागीता थियो ।



५ दिने तालिममा व्यावसायिक कृषि शिक्षा तथा रोजगारी लक्षित सन्दर्भमा अभ्यासात्मक कृषिका विषय समेटिएको थियो । अध्ययनसँगै कमाइ तथा अध्ययन प्रश्चात कृषि पेशामै भविष्य खोजिरहेका विद्यार्थीहरुका लागि तालिम उपयोगी रहेको विद्यालयका कृषि संयोजक नरेश द्वालले बताए ।

विद्यार्थीले कृषि विज्ञबाट विद्यालयमै तालिम पाएकाले भविष्यमा गाउँमै कृषि उद्यम संचालन गरेर स्वरोजगार र आत्मनिर्भर बन्न सकिने भएपछि निकै उत्साहित देखिएका थिए ।

विद्यार्थीलाई कृषि क्षेत्रमा प्रयोग भइरहेको पुरानो र नयाँ विज्ञानको मिश्रण गरेर सिकाउँदा सिकाइ क्रियाकलाप समेत प्रभावकारी भएको प्रशिक्षक पौडेलले बताए ।

विद्यार्थीलाई ५ दिने तालिममा व्यवहारिक कुरासँगै फिल्डमै लगेर कृषि अभ्यासको ज्ञान सिकाएको उनले बताए ।

बाली विज्ञान पढिरहेका विद्यार्थीले तरकारी, फलफूल तथा अन्नबालीको उत्पादनमा प्रविधि, रोग कीराबाट बाली जोगाउने उपाय लगायतका विषयमा तालिमबाट जानकारी हासिल गरेका छन् ।

पछिल्लो समय स्वदेशमा भनेजस्तो रोजगारीका अवसर नपाएपछि युवाको मोह वैदेशिक रोजगारीमा देखिएको छ । युवा जनशक्ति वैदेशिक रोजगारीमा जान थालेसँगै खेतीयोग्य जमिन बाँझो बस्ने क्रम बढेको छ । यसलाई रोक्न विद्यालयमा भइरहेको बाली विज्ञान विषयको पढाइ प्रभावकारी बन्न सक्ने बिद्यालयका प्रधानाध्यापक मोहन थापाले बताए ।

कृषि क्षेत्रमा युवा प्राविधिकको संख्या बढाउने उद्देश्यले सुरू गरिएको बाली विज्ञान विषयमा अहिले कक्षा ९ देखि १२ सम्म पढाइ भइरहेको र कुलमष्टाजनमा धेरै टाढाबाट विद्यार्थी अध्यन गर्न आउने गरेको उनले बताए ।

समापन कार्यात्रममा बोल्दै उनले कृषि शिक्षा अहिलेको आवश्यकता र विशेषतः रोजगारी लक्षित विषमा अभ्यासात्मक तालिम संचालन भएकोले बालीविज्ञान अध्ययन गर्न विद्यार्थीका लागि एकदमै महत्वपूर्ण भएको बताए ।

५ दिने कृषि सम्बन्धि सिकाइ अभ्यासको समापन कार्यक्रममा बोल्दै वडा नं ४ का अध्यक्ष उत्तम जोशीले विद्यालयबाट उत्पादन भएका दक्ष कृषि प्राविधिकलाई किसानका खेतबारीमा प्रयोग गर्न सक्दा पनि कृषि उत्पादनमा बढोत्तरी आउने बताए । आगामी बजेटमा विद्यालका कृषि प्राविधिक अध्ययन गरिरहेका विद्यार्थीलाई मध्यनजर गरी बजेट विनियोजन बनाउने र व्यवसायिक कृषिसँग जोड्दै आत्मनिर्भर हुन ध्यान केन्द्रित गर्ने उनले प्रतिबद्धता जनाए ।

# शिक्षकलाई मोबाइल एप संचालन तालिम

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १७ जेठ

बर्दियाको गेरुबा गाउँपालिकाका सामुदायिक विद्यालयका शिक्षकहरुलाई मोबाइल एप संचालन सम्बन्धी तालिम प्रदान गरिएको छ ।



गाउँपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) अध्यावधिक गर्न मोबाइल एप सम्बन्धी तालिम प्रदान गरिएको हो ।

तालिममा शिक्षकहरुलाई वास प्लानबारे जानकारी गराउने र वास प्लानभित्र रहेको स्कूल एपका बारेमा पूर्ण रूपमा जानकार बनाउँदै मोबाइल एपबाट वास सम्बन्धी तथ्यांक लिन सक्षम बनाउन तालिमको आयोजना गरिएको गेरुवा गाउँपालिकाका खानेपानी सरसफाइ तथा स्वच्छता शाखा प्रमुख रमेश बजगाईंले बताए । तालिममा गेरुवा गाउँपालिकाका २६ वटा सामुदायिक विद्यालयक २६ जना शिक्षक तथा शिक्षिकाहरुको सहभागिता रहेको थियो । तालिको सहजीकरण गेरुवा गाउँपालिकाका सूचना प्रविधि अधिकृत कृष्ण सोडारीले गरेका थिए ।

**साउदीमा रोजगार**

कम्पनीः MAJALAT AL SHARQ GENERAL CONTRACTING ESTABLISHMENT  शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०८२/०२/१६  चलानी नं.: ६०२३८७९४  L.T. No.: 324848

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welding | 2 | 0 | स. काममा दक्ष | 1200 | ४३,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ जेठ २५ गते (8 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.**
श्रम इजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

### शीर्ष...

एउटै भूमिकामा रहने चाहिँ विरलैमात्र हुन्छ होला । हाम्रो डेमोक्रेसीको सबैभन्दा ठूलो समस्या नै यही हो । मैले खुला भनेको छु, नेपालका ठूला पार्टीका ठूला नेताहरूले आजको दिनबाट हामीले आआफ्नो दलबाट विश्राम लियौँ भन्नुभयो भने आजकै दिनबाट यो आन्दोलन केही बाँकी रहँदैन । सबै घर फर्किन्छन् ।' शीर्ष नेताहरूले नेतृत्व छोड्ने बित्तिकै सबै समस्या समाधान नभएपनि धेरै समस्या बुझेर समाधान गर्न सकिने महामन्त्री थापाले बताए ।

एकीकृत समाजवादीका महासचिव भूसालले पार्टीहरू पञ्चायत जस्ता भएको बताए । पार्टीहरूको पञ्चायतीकरण कायमै रहेको भन्दै उनले भने 'अलिअलि छलफल त पञ्चायत, राष्ट्रिय पञ्चायतमा पनि हुन्थे । पार्टीहरूको पञ्चायतीकरण र नेताहरूको राजातन्त्रात्मक शैली कायमै छ । लोकतन्त्रमा दल नसुध्रिकन हुँदैन ।'

गणतन्त्रवादी नेता र राजाका भारदारहरूको जीवनमा केही फरक नभएका कारण यो अवस्था आएकाले शीर्ष नेताहरू नै सुध्रिनुपर्ने वा नेतृत्व छाड्नुपर्ने उनले बताए ।

सोही दलकी नेतृ रामकुमारी झाँक्रीले गणतन्त्रमा प्रश्न उठ्ने समय नभएको तर त्यो व्यवस्था ल्याउँदा हामीले गरेका प्रतिवद्धताअनुसार नेताहरूले काम नगरेको बताइन् । 'यो व्यवस्थामा हामीले काम गर्नुपर्छ, त्यो हाम्रो जिम्मेवारी हो भन्नेकुरा जिम्मेवारीवोध हामीले कम महशुस गऱ्यौं कि ! तिलस्मी सपनाहरू बाँडेर मात्रै बस्यौं, काम गरेनौं त्यसै कारण गणतन्त्रलाई विवादित बनाइयो ।'

एमाले सचिव भट्टराईले राजनीतिक दल र राज्यको सेवा प्रवाहमा रूपान्तरणको आवश्यकता रहेको बताए । आवश्यक पर्दा राजनीतिक दल र नेताहरू रूपान्तरण भइरहेकाले गणतन्त्र आएको भन्दै उनले नयाँ पुस्तालाई उपयुक्त अवसरको सिर्जना गर्ने र राज्यलाई जनतासँग नजिक पुऱ्याउने काममा लाग्नुपर्ने बताए ।

### भित्रियो...

र यसका प्रमुख सहायक नदीहरू साथै कमला, बागमती, पूर्वीराप्ती, पश्चिम राप्ती र बबई नदीको जलसतह सतर्कता तह तलै रहने पुर्वानुमान भएपनि बढ्दो पानीको सतह बढ्न सक्ने भएकाले सतर्कता अपनाउनुपर्ने विभागले जनाएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता रामबहादुर केसीका अनुसार शनिबार बिहान परेको अविरल वर्षाका कारण धरान-धनकुटा सडकखण्डको सागुरीगढी गाउँपालिका-६ स्थित फेदीको १०० मिटर सडक लेउती खोलाको बाढीले बगाएको छ ।

पूर्वी नेपालको झापा तथा धरान धनकुटा सडक क्षेत्रमा बाढी पहिरोका घटना भएको र सो क्षेत्रमा उद्धार तथा नागरिकको सुरक्षाका लागि प्रहरी टोली परिचालन गरेर विपद् व्यवस्थापनको कार्य भइरहेको नेपाल प्रहरीका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले बताए ।

गत वर्षको २८ जेठदेखि २६ असोजसम्म विपदबाट ४ सय ९४ जनाको मृत्यु, ६६ जना बेपत्ता र ५ सय ३२ जना घाइते भएका थिए । सो अवधीमा १२ लाखभन्दा बढी मानिस प्रभावित भएको विपद प्राधिकरणले जनाएको छ । गत वर्ष २ हजार १ सय ३६ मनसुनजन्य घटना भएका थिए । जसबाट ५ हजार ९ सय ३७ परिवार प्रभावित भएका थिए । मनसुन अवधिमा ९ सय ४३ स्थानमा पहिरो जाँदा ३ सय ४३ जनाको मृत्यु, ४८ जना बेपत्ता, २ सय ७६ जना घाइते र १ हजार ५ सय ६१ परिवार प्रत्यक्ष प्रभावित बनेका थिए । वर्षाका कारण ४ सय ५९ वटा पहिरो, १ सय ४२ वटा बाढी, १ सय ६८ वटा भारी वर्षा र १ सय २३ वटा चट्याङका घटना भएका थिए । ५ सय ३८ स्थानमा भारी वर्षा भएको प्राधिकरणको तथ्यांकमा उल्लेख छ । वर्षाकै कारण जसबाट ९ जनाको मृत्यु भयो भने ३८ जना घाइते भएका थिए । भारी वर्षाबाट १ हजार ८ सय १४ परिवार प्रभावित भएको प्राधिकरणले जनाएको छ ।

#### औसतभन्दा बढी वर्षा हुने

मौसम विभागका अनुसार यो वर्ष नेपालमा ३५ देखि ६५ प्रतिशत बढी वर्षा हुने अनुमान गरिएको छ । विभागका वरिष्ठ मौसमविद् विभूति पोखरेलका अनुसार ५५ देखि ६५ प्रतिशत भूभागमा औसतभन्दा बढी वर्षा हुने अनुमान छ भने ३५ देखि ४५ प्रतिशत क्षेत्रमा पनि बढी पानी पर्ने सम्भावना देखिएको छ । नेपालमा ८० प्रतिशत वर्षा मनसुन अवधिमै हुने भएकाले बाढी, पहिरो र डुबानजस्ता प्रकोपका लागि सतर्क रहन विभागका वरिष्ठ मौसमविद् प्रतिभा मानन्धरले आग्रह गरे । '१२ महिनामध्ये ४० प्रतिशत प्राकृतिक विपद् मनसुन समयमा हुने भएकाले जोखिम न्यूनीकरणका लागि सबै निकाय सतर्क रहनुपर्छ । समयमै पूर्वतयारी गरे विपद् न्यूनीकरणमा सहयोग पुग्छ ।'

### पूर्वतयारीमा...

खटिन सक्ने गरी तयारी गरिएको नेपाल प्रहरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले जानकारी दिए । सशस्त्र प्रहरी बलले पनि १५ हजार जनशक्ति र १ हजार ५० थान उद्धार उपकरण तयारी अवस्थामा राखेको जनाएको छ । सशस्त्र प्रहरीले जेठ महिनाभित्र स्थानीय समुदायबाट करिब एक लाख ७० हजार विपद् सूचक रहेको 'नेटवर्क'तयार गरिरहेको समेत जनाएको छ । मनसुनमा उद्धार, राहत र पुनःस्थापनाका लागि आवश्यक स्रोतसाधनको तयारी र तीनै तहका सरकार तथा सरोकारवाला निकायसँगको समन्वयमा विस्तृत कार्ययोजना बनाउदै गरेको गृहमन्त्रालय श्रोतले जनाएको छ ।

#### २० लाख प्रभावित हुने आंकलन

जल तथा मौसम विज्ञान विभागले यस वर्ष औसतभन्दा बढी वर्षा हुने भएकाले कम्तीमा २० लाख मानिसहरू प्रभावित हुने अनुमान गरेको छ । सबैभन्दा बढी लुम्बिनी प्रदेशमा १ लाख १९ हजार ८३० घरधुरीका ५ लाख २३ हजार ६५६ जना प्रभावित हुने अनुमान गरेको छ । दोस्रो बागमती प्रदेशमा ७४ हजार घरधुरीका ३ लाख २७ हजार ३७६ जना र कोशी प्रदेशका ६३ हजार १२७ घरधुरीका २ लाख ७५ हजार ८६७ जना प्रभावित हुनसक्ने बताइएको छ । त्यस्तै सुदूरपश्चिमको ५२ हजार ११२ घरधुरीका २ लाख २७ हजार ७३० र मधेसका ५२ हजार ३३१ घरधुरीका २ लाख २८ हजार ६८७ र कर्णालीका २ ९ हजार १३२ घरधुरीका १ लाख २७ हजार ३०८ जना प्रभावित हुने पूर्वानुमा छ । कर्णाली, गण्डकीका अधिकांश र लुम्बिनीको उत्तरी भागमा सरदरभन्दा ६५ प्रतिशतसम्म बढी वर्षा हुने हुने भएकाले प्रभावितको संख्या थप बढ्ने प्राधिकरणको अनुमान छ । अघिल्लो वर्षको मनसुन अवधिमा १,३०३ मिलिमिटर वर्षा भएकोमा यो वर्ष औसत १,४७२ मिलिमिटर पुग्ने अनुमान गरिएको छ ।

### २० लाख...

८६७ जना प्रभावित हुनसक्ने बताइएको छ । त्यस्तै सुदूरपश्चिमको ५२ हजार ११२ घरधुरीका २ लाख २७ हजार ७३० र मधेसका ५२ हजार ३३१ घरधुरीका २ लाख २८ हजार ६८७ र कर्णालीका २९ हजार १३२ घरधुरीका १ लाख २७ हजार ३०८ जना प्रभावित हुने पूर्वानुमा छ । कर्णाली, गण्डकीका अधिकांश र लुम्बिनीको उत्तरी भागमा सरदरभन्दा ६५ प्रतिशतसम्म बढी वर्षा हुने हुने भएकाले प्रभावितको संख्या थप बढ्ने प्राधिकरणको अनुमान छ । अघिल्लो वर्षको मनसुन अवधिमा १,३०३ मिलिमिटर वर्षा भएकोमा यो वर्ष औसत १,४७२ मिलिमिटर पुग्ने अनुमान गरिएको छ ।

### राष्ट्रसंघलाई...

स्थापनासम्बन्धी सन्धि'(आईओमेड)मा शुक्रबार हस्ताक्षर गरेका छन् । हस्ताक्षरसँगै ती देशहरू नयाँ संस्था स्थापनाका संस्थापक सदस्य बनेका छन् । नेपाल भने आईओमेडको पर्यवेक्षक बनेको छ ।

चिनियाँ परराष्ट्र मन्त्रालयका अनुसार हस्ताक्षर समारोहमा एशिया, अफ्रिका, ल्याटिन अमेरिका र युरोपका ८५ देशका झन्डै ४०० उच्च प्रतिनिधि र करिब २० अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरूले सहभागिता जनाएका थिए । नेपालले यसमा पर्यवेक्षकको रूपमा सहभागिता जनाएको छ ।

नवगठित आईओमेडले संयुक्त राष्ट्रसंघको वडापत्रका सिद्धान्तहरूसँग मेल खाने गरी मध्यस्थताको माध्यमबाट द्वन्द्व समाधान प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ ।

#### नेपाल पर्यवेक्षक

आइओमेड स्थापनासम्बन्धी सन्धिको हस्ताक्षर समारोहमा नेपाल पर्यवेक्षकको रूपमा सहभागी भएको छ । परराष्ट्रमन्त्री आरजु राणा देउवाले समारोहमा सहभागिता जनाएकी हुन् ।

त्यस अवसरमा परराष्ट्र मन्त्री राणा र चिनियाँ परराष्ट्र मन्त्री यीबीच भेटवार्ता पनि भएको छ ।

### चीनको...

बेइजिङले यो संस्थालाई संसारकै पहिलो अन्तर-सरकारी कानुनी संस्था भनेर प्रस्तुत गरेको छ, जसले मध्यस्थतामार्फत विवाद समाधान गर्नेछ र संयुक्त राष्ट्रसंघको वडापत्रमा उल्लेख गरिएका सिद्धान्तहरूको रक्षा गर्न सहयोग पुऱ्याउनेछ । साथै, यसले हङकङलाई एसियामा अन्तर्राष्ट्रिय कानुनी तथा विवाद समाधान सेवा केन्द्रका रूपमा उभ्याउने उद्देश्य पनि रहेको छ ।

यो हेगस्थित अन्तर्राष्ट्रिय अदालत र स्थायी मध्यस्थता अदालत जस्ता संस्थाहरूसँग पूरक प्रणालीको रूपमा कार्य गर्ने जनाइएको छ । यद्यपि यस नयाँ संस्थाका धेरै विवरणहरू अझै प्रस्ट हुन बाँकी भए पनि यसले औपचारिक मुद्दा प्रक्रियामा लचिलो मध्यस्थताजस्ता विकल्पहरूको समन्वयलाई सहज बनाउने सम्भावना छ ।

हस्ताक्षर समारोहमा चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिका राजनीतिक ब्युरो सदस्य तथा पररष्ट्रमन्त्री वाङ यीले यो संस्थाले कुनै राष्ट्र र अन्य राष्ट्रका नागरिकबीचको लगानीसम्बन्धी विवाद र अन्तर्राष्ट्रिय व्यावसायिक विवादलाई समाधान गर्न नयाँ प्लेटफर्म रहेको उल्लेख गरे ।

साउदी अरेबिया र इरानबीच बेइजिङमा भएको ऐतिहासिक मेलमिलापदेखि लिएर प्यालेस्टिनी पक्षहरूबीच 'बेइजिङ घोषणापत्र'मा हस्ताक्षरसम्मका घटनाहरूले संवादमार्फत मतभेद समाधानको ठूलो सम्भावना देखाएको उनले उल्लेख गरेका छन् ।

### साउदीमा...

एयरलाइन्स कम्पनी वा नजिकको साउदी कूटनीतिक नियोगसँग आफ्नो भिसा र प्रवेश स्थितिबारे स्पष्ट हुन आग्रह गरेका छन् ।

तीर्थयात्राको सिजनमा विदेशी श्रमको आगमनलाई नियमन गर्ने, विदेशी कामदारहरूको हजमा अनधिकृत सहभागितालाई रोक्ने भीड व्यवस्थापन क्षमताहरू बढाउने उनीहरूको भनाइ छ ।

# ‘परिवर्तन र समृद्धिलाई ध्यान दिएर अघि बढे एमालेको एकल बहुमत आउँछ’

**काठमाडौं/मस**–प्रधानमन्त्री केपी शर्मा ओलीले व्यक्तिगत महत्वाकांक्षा नभइ राष्ट्रिय हित, परिवर्तन र समृद्ध नेपाललाई ध्यान दिएर अघि बढेमा आगामी निर्वाचनमा एमालेको एकल बहुमत आउने बताएका छन् ।

नेपाल बुद्धिजीवी परिषद्को ११ औँ राष्ट्रिय महाधिवेशनको शनिबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले देशभित्र र बाहिरका अनेक थरी स्वार्थको टक्कर गर्नेहरूले मोर्चाबन्दी गरेर एमालेकाविरुद्धमा लागेर झण्डै दुई तिहाइमा पुगेको पार्टीलाई विभाजन गराइए पनि त्यस स्थितिबाट अब पार्टी सुदृढ भइसकेको बताए ।

‘भविष्यमा पनि अयोग्य हुने गरी प्रतिक्रियावादीहरुले मलाई साधारण सदस्यबाट पनि हटाएको घोषणा गरे । विचार र विकासको नायक पार्टीलाई सिध्याउँछु, धुलो चटाउँछु भने । यी सबै घेराबन्दी र मोर्चा बन्दीलाई पराजित गरेर एमाले फेरि मुलुकको लोकप्रिय पार्टी बन्यो ।’ प्रधानमन्त्री ओलीले भने,‘ व्यक्तिगत महत्वाकांक्षा छोडेर राष्ट्रिय हित र परिवर्तनको हित एवं समृद्ध



नेपाललाई ध्यान दिएर अगाडि बढेमा एमालेको एकल बहुमत ल्याउन कसैले रोक्न सक्दैन । विभाजन हुँदा पनि हामी लोकप्रिय पार्टी बन्न सकेका छौं । आज एमालेलाई सिध्याइदिन्छु र भित्तामा लगेर टाँसिदिन्छु भन्ने कसैको हैसियत छैन । त्यस कारण हामी मिसन २०८४ मा अघि बढेका छौं । यसमा जो जहाँ छौं, त्यहाँबाट योगदान गरौं ।’उनले देशमा संक्रमणकालमा रहेको र देशले सही निकास खोजिरहेकाले देशको परिस्थितिमा सुधारका लागि बुद्धिजीवीको भूमिका रहने भएकाले त्यस अनुसार सक्रिय हुन आग्रह गरे ।

प्रधानमन्त्री ओलीले सही कुराको समर्थन गर्दा कसैले झोले भनेर आलोचना गरे पनि परिवर्तन र जनताको झण्डा बोक्न नछोड्न आग्रह गरे ।

‘म एमालेको झोले हुँ । यतिभन्दा एमालेको विरोधीहरूलाई चित्त बुझ्छ होला । म यो झोलामा देश र जनताको परिवर्तनको चाहनालाई बोकेर हिँड्छु । यसमा मलाई गर्व छ’, अध्यक्ष ओलीले भने,‘जे मा पनि खोट देख्ने तथाकथित आलोचनात्मक चेतबाट माथि उठ्नुस् । ढुक्क भएर राष्ट्रिय एकता र परिवर्तनको सही विचारलाई गौरवका साथ बोकेर हिँड्नुस् । तपाईंहरू बुद्धि बेचेर खाने वर्ग मात्रै होइन, बौद्धिक वर्ग हो । देशलाई नोक्सान पार्ने र बेठिक गर्नेहरूको विरोध गर्नुस् । सही विचार बोक्नेहरूलाई अझ सुधारका लागि उपयुक्त सुझाव दिनुस् ।’

एमालेले राष्ट्रिय एकतालाई सर्वोपरि ठान्ने स्पष्ट गर्दै उनले लोकतन्त्र र संविधानको रक्षा गर्नुपर्ने समयमा पृथ्वी पथका नाममा राजतन्त्र पुनःस्थापाको कुरा उठाउनु अप्रसांगिक हुने टिप्पणी गरे । एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललगायत सहभागी कार्यक्रममा विभिन्न विधाका बुद्धिजीवीलाई सम्मान प्रदान गरिएको थियो ।

# सरकारले आवश्यकताअनुसार बजेट ल्याउन सकेन : प्रभु साह



**जनकपुर/मस**–आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले मुलुकमा बढ्दो बेथितिका कारण मुलुक धरासायी बन्दै गइरहेको बताएका छन् ।

‘दलाल दलतन्त्रको भण्डाफोर गरौं, गणतन्त्रको दिशामा अघि बढौं’ भन्ने नारासहित आजपाद्वारा शनिबार मधेश प्रदेशको राजधानी जनकपुरधाममा आयोजित बृहत् अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै नेता साहले मुलुकलाई जोगाउन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा गरेर अन्तरिम सरकार गठन गर्नुपर्ने बताए । अहिलेको दुई तिहाईको गठबन्धन सरकारले आम जनतामा असन्तुष्टि एवं निरासा बढ्दै गइरहेको भन्दै उनले त्यसलाई सम्बोधन गर्ने गरी सरकारले बजेट ल्याउन नसकेको बताए ।

‘वैदेशिक ऋण बढ्दै गइरहेको छ । व्यापार व्यवसाय धरासायी हुँदै गइरहेको छ’ उनले भने,‘तर सरकारले नेपालको पूँजी विदेश लैजाने बाटो खोलेर अर्थतन्त्रलाई डुबाउने काम गरेको छ । जनताको चाहना, आवश्यकता अनुसार सरकारले बजेट ल्याउन सकेको छैन् । मानव विकास सूचकांकमा पछाडि परेको मधेश र कर्णालीसँग सरकारको बजेटले पुरै विभेद गरेको छ ।’

सरकारको बजेटले नेपाललाई उजाड एवं जनतालाई निराश बनाउने किसिमको रहेको उनले टिप्पणी गरे । यस्तै साहले सिमावर्ती क्षेत्रमा रहेका प्रहरीले नेपाली जनताको निजी सम्पत्ती लुट्ने काम गरिरहेको पनि आरोप लगाए । सरकारले नक्कली भिजिट भिसाको नाममा मानव तस्करी गरिरहेको उनले बताए । उनले मानव तस्करी गरिरहेको सरकारले मधेशमा भन्सारको नाममा निजी सम्पत्ती लुट्ने काम आफूहरुलाई स्वीकार नभएको बताए ।

आजपा मधेश अध्यक्ष उमेश कुशवाहाको अध्यक्षतामा भएको कार्यक्रममा आजपाका नेताहरु रिता देवी साह, अशोक लामा, बिल्टू यादव, विजय यादव निर्विज,श्रीचन मुखिया, राधेश्याम साह लगायतको सहभागिता रहेको थियो ।

# २ जिल्लाको सीमा विवाद समाधान गर्न कार्यदल गठन

**सोलुखुम्बु/मस**–सोलुखुम्बु र ओखलढुंगा जिल्ला बीचको सीमाना विवाद समाधान गर्न कार्यदल गठन भएको छ । कार्यदललाई १५ दिनभित्र प्रतिवेदन प्रस्तुत गर्ने कार्यादेश छ ।

जिल्ला प्रशासन कार्यालयमा शनिबार सम्पन्न दुवै जिल्लाका सुरक्षा समितिको संयुक्त बैठकले सीमा विवाद समाधानका लागि ओखलढुंगाका सहायक प्रमुख जिल्ला अधिकारी गोमा देवी पौडेलको संयोजकत्वमा ६ सदस्यीय कार्यदल गठन गरेको हो । समितिका सदस्यहरुमा ओखलढुंगाका मालपोत अधिकृत निरकुमार ढुंगाना, नापी अधिकृत सविन विके, सोलुखुम्बुका नापी अधिकृत प्रमोद गुरागाइँ र मालपोत अधिकृत विदेश खनाल सदस्य छन् ।

ओखलढुंगाको खिजिदेम्बा गाउँपालिका -९ र सोलुखुम्बुको सिमानामा पर्ने तोलुगुम्बा बुलबुले क्षेत्रमा लामो समयदेखि विवाद छ ।

२०४३ सालमा यो क्षेत्र ओखलढुंगामा पर्ने भनिए पनि सोलुखुम्बुसँग विवाद छ ।

बैठकमा सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी अनोज कुमार घिमिरे, ओखलढुंगाका प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीसहित दुवै जिल्लाका सुरक्षा समितिका सदस्यहरुको उपस्थिति थियो ।

# राइड सेयरिङ नियमावलीको विरोधमा यातायात व्यवसायीले गरे चक्काजाम

**काठमाडौं/मस**–यातायात व्यवसायीहरूले गण्डकी प्रदेश सरकारले ल्याएको राइड सेयरिङ नियमावलीको विरोध गर्दै काठमाडौंमा एक घण्टा चक्का जाम गरेका छन् ।

उनीहरूले ७ बुँदे मागसहित आन्दोलनमा उत्रेका छन् । यसअघि यातायात व्यवसायीहरूले प्रदेशका मुख्यमन्त्री र सरोकारबाला सबै मन्त्रालयमा ज्ञापनपत्र बुझाएका थिए । ‘हाम्रो माग पूरा नभएपछि घोषित कार्यक्रमअन्तर्गत शनिबार चक्रपथमामा कालोझन्डासहित एक घण्टा चक्का जाम गरेरविरोध गरेका हौं,’ नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका अध्यक्ष भीम ज्वाला राईले भने । प्रदेश सरकार हरूले बनाएको ऐन नियमावलीका कारण सार्वजनिक यातायात क्षेत्र नै विस्थापित हुने अवस्था



आएपछि आन्दोलन गर्नु परेको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वारले बताए । उनका अनुसार सवारी ऐन २०४९ को परिच्छेद २ को दफा ८ को २ र दफा १२ को १ विपरीत संघीय ऐनसँग बाझिने गरी सातै प्रदेश सरकारले नियमावली ल्याउन लागेका हुने प्रदेश सरकारले यसरी छुट्टै नियमावली ल्याउन नहुने व्यवसायीको माग छ ।

गण्डकी प्रदेश सरकारले जेठ १ गते राजपत्रमा प्रकाशित गरी निजी सवारीसाधन (रातो प्लेट) सञ्चालन गर्न नियमावली ल्याएको हो । व्यवसायीहरूले त्यसको विरोध गर्दै तत्काल खारेज हुनुपर्ने माग गरेका छन् ।

यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेल पनि प्रदेश सरकारलाई ऐन नियमावली बनाउने अधिकार भएको बताउँछन् । ‘राइड सेयरिङ, लाइसेन्स लगायतका सबै काम प्रदेश मातहत छ,’ पोखरेलले भने, ‘हाम्रो काम मापदण्ड बनाउने मात्र हो । संविधानअनुसार प्रदेश सरकारले आफ्नो काम गरेको छ ।’

यातायात व्यवसायीहरुले यसबाहेक सर्वोच्च अदालतबाट संघसंस्था दर्ता ऐन २०३४ मा रहेका संघ समिति नवीकरण सम्पत्ति फुकुवाको २०८० चैत्र २० गतेको परमादेश तत्काल कार्यान्वयन हुनुपर्ने पनि माग राखेका छन् । सवारी ऐन २०४९ संशोधन क्रममा रहेको अवस्थामा नेपाल सरकारसँग यातायात व्यवसायी महासंघ र मजदुर संघसंगठनसँग विभिन्न मितिमा भएको सम्झौता सहमति र सरकारबाट गठित विभिन्न कार्यदलका सुझाव प्रतिवेदन यथाशीघ्र कार्यान्वयन गर्नुपर्ने माग पनि उनीहरूको छ ।

व्यवसायीले आइतबार माइतीघरमा विरोध कार्यक्रम गर्ने छन् । त्यसपछि पनि माग सम्बोधन नभए जेठ १९ गतेदेखि देशव्यापी अनिश्चितकालका लागि आफ्ना सवारीसाधन घर ग्यारेजमा थन्क्याई आन्दोलन गर्ने उनीहरूले चेतावनी दिएका छन् ।


## मलेसियामा रोजगार

कम्पनी: NUMEREX FORCE SDN BHD
शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०८२/०२/१६ चलानी नं.: ६०२३८७९२ LT. No.: 324931

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 200 | 0 | स. काममा दक्ष | 1700 | ५४,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ जेठ २५ गते (8 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

AAYUSH OVERSEAS PVT. LTD.
Bhimsengola-31, Katyayani Chowk, Kathmandu | Tel: 01- 5918559
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np
Mobile No: +977-9824714860, 9746206317, 9841784302
Govt.Lic.No. 1341/074/075


# ‘एक घर, एक धारा’ बनेपछि स्थानीय हर्षित

**बागलुङ/मस**–बागलुङको विकट मानिने निसीखोला गाउँपालिका-६ स्थित भल्कोट र बुढाथोकमा ‘एक घर, एक धारा’ निर्माण गरिएको छ ।

गाउँपालिका र नेपाल स्वास्थ्यका लागि पानी (नेवा) को सहलगानीमा भल्कोट र बुढाथोक गाउँका ९४ घरमा ‘एक घर, एक धारा’ निर्माण गरिएको हो । वर्षौंदेखि सीमित धाराबाट पानी उपभोग गर्दै आएका स्थानीय हाल आँगनमै धारामा पानी आएपछि दंग छन् ।

भल्कोट गाउँमा मोराखेला खानेपानी आयोजनामार्फत धारा निर्माण गरिएको हो । यहाँ नेवाको रु १३ लाख ३० हजार एक सय १३, गाउँपालिकाको रु सात लाख सात सय ७७ र जनश्रमदान रु आठ लाख छ हजार तीन सय ७१ गरी कूल रु २८ लाख ३७ हजार दुई सय ६१ मा ५५ धारा निर्माण गरिएका छन् । भल्कोट गाउँमा चार हजार नौ सय १५ मिटर टाढा रहेको मोराखोलाबाट पाइपलानमार्फत पानी घरघरमा पुऱ्याइएको हो ।

नेवा बागलुङका कार्यक्रम अधिकृत विनोद कोइरालाका अनुसार आयोजना सम्पन्न भएर धारामा पानी आउन थालेको छ । यस्तै, बुढाथोकमा नेवाको रु ११ लाख ५५ हजार १५, गाउँपालिकाको रु छ लाख ६४ हजार नौ सय ५५ र जनश्रमदान रु छ लाख ५७ हजार नौ सय आठ गरी कूल रु २४ लाख ७७ हजार आठ सय ७८ मा ३९ धारा निर्माण गरिएको उनले जानकारी दिए । यस गाउँमा दुई सय मिटर लामो दूरीमा रहेको मुहानबाट पाइपमार्फत घरघरमा पानी पुऱ्याएको छ । गल्कोट र बुढाथोक गाउँमा लामो समयदेखि खानेपानीको समस्या रहेको र स्थानीयका मागपछि पालिकासँगको सहकार्यमा धारा निर्माण गरिएको कोइरालाले बताए ।

# पेट्रोलियम पदार्थको मूल्य बढ्यो

**काठमाडौं/मस**– नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । भारतको इन्डियन आयल कर्पोरेसनबाट मुल्य बढाएसंगै निगमले मूल्य बढाएको हो ।

पेट्रोलमा २ रुपैयाँ र डिजेल र मट्टीतेलमा १ रुपैयाँले बढेको निगमले जनाएको छ । त्यस्तै हवाई इन्धन भने ३ रुपैयाँले घटेर आएको निगमले जनाएको छ । काठमाडौंमा पेट्रोलको मूल्य काठमाडौं, पोखरा र दिपायलमा १ सय ५९ रुपैयाँ पर्नेछ । सुर्खेत र दाङमा भने पेट्रोलको मूल्य १ सय ५८ रुपैयाँ पर्ने निगमले जनाएको छ । यस्तैविराटनगर, अमलेखगञ्ज, जनकपुर, नेपालगञ्ज, धनगढी, वीरगञ्जमा भने पेट्रोलको मूल्य १ सय ५६ रुपैयाँ ५० पैसा पर्नेछ । बढेको मूल्य शनिबार राति १२ बजेदेखि लागू हुनेछ ।


## काठ/ दाउरा लिलाम बिक्रीवितरण २१ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/२/१८ गते**

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा न ५ मा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर उत्पादन भई सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको खयरको ५२ थान गोलिया ८६.९४ क्युफिट, साल ४० थान गोलिया ३१३.८८ क्यु फिट, अस्ना १८ थान गोलिया २०८.५३ क्यु .फिट जम्मा ११० थान गोलिया ६०९.३५ क्यु फिट काठ र मिश्रित दाउरा ०.५ चट्टा, सालको १ चट्टा दाउरा, जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, सघंसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**वनसप्ती सामुदायिक उपभोक्ता समूह**
**घोडाघोडी नगरपालिका वडा ५ कैलाली**



## Golbazar Municipality
## Office of Municipal Executive

**Golbazar, Siraha**
**Madhesh Province, Nepal**

### Invitation for Electronic Bids

**First Date of Publication: 2082/02/18(01-06-2025)**

1. The Golbazar Municipality office intends Open Competitive Bidding from eligible bidders for the **Tender Management of Gudri Haat, Bakhra Haat and Pashu Haat Bazar**.

| S. N. | Contract ID No. | Name of Project | Minimum Bidding Amount (NRs.) Without VAT | Minimum Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | GolMun/M/ Revenue-10/2081/082 | Tender Management for the Revenue Collection of Gudri Haat, Bakhra Haat and Pashu Haat Bazar | 2,74,55,500.00 | 5% of Bidding Amount Without VAT | 5,000/- | 01-07-2025, 12:00 (2082/03/17) | 01-07-2025, 13:00 (2082/03/17) |

2. The contract duration shall be 3 Fiscal years (2082-83, 2083-84 and 2084-85).
3. Bidder must submit Company Registration Certificate, VAT Registration Certificate, TAX Clearance of Fiscal Year 2080/81, Letter of Bid and Other Documents as specified in Bidding Document.
4. Selection of Bidder shall be based on Highest Evaluated Substantially Responsive Bidder.
5. Bid security (5% of bidding amount) must be deposited in cash in following Account: (Global IME Bank, Account No.: 5504010000016, Dharauti Account)
6. Bidder must submit one- third of bidding amount as performance guarantee which should be valid up to 13 months from the contract agreement.
7. Eligible Bidders may refer complete set of Bid Document for further information at PPMO'S website www.bolpatra.gov.np/egp and other information at golbazarmun.gov.np. Bidders shall have the option of submitting their bids electronically only.

**Chief Administrative Officer**



## यूएईमा रोजगार

कम्पनी : AL BAIT AL AHMAR BLDG. CLEANING SERVICES
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०२/१६ चलानी नं.: ६०२३८७९० LT. No.: 324892

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANERS/ HELPER | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | LABOURER/BULDING WORKERS | 10 | 0 | | 1000 | ३७,२०० | | | | | | | |
| 3. | TILE HELPER | 2 | 0 | | 1000 | ३७,२०० | | | | | | | |
| 4. | Tile Layer | 2 | 0 | | 1500 | ५५,८०० | | | | | | | |
| 5. | Tiling/Plastering | 5 | 0 | | 1500 | ५५,८०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८२ जेठ २५ गते (8 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

LEADING AIM INTERNATIONAL PVT. LTD
Basundhara-3, Kathmandu, Contact: 015904026, 9813993444, 9808210594
Email: leadingaim04@gmail.com, Web.: www.leadingaim.com.np
Govt. Lic. No.: 1170/073/074



## काठ/दाउरा लिलाम बिक्री वितरण २१ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/२/१८ गते**

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा न१० मा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर उत्पादन भई सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको खयरको २१५ थान गोलिया ६०१.४६क्युफिट ,सिसौ १०३ थान गोलिया ३४४.१७क्यु फिट, जम्मा ३१८थान गोलिया ९४५.६३ क्यु फिट काठ र सिसौको दाउरा १ चट्टा दाउरा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, सघंसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री राधाकृष्ण सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी नगरपालिका वडा १० कैलाली**



## काठ/दाउरा लिलाम बिक्री वितरण २१ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/२/१८ गते**

जिल्ला सुर्खेत पन्चपुरी नगरपालिका वडा २ मा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर उत्पादन भई सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको साल को १०९ थान गोलिया ८१४.०१ क्युफिट, अस्ना २४ थान गोलिया २७६.०३क्यु फिट, जम्मा १३३ थान गोलिया १०९०.३० क्यु फिट काठ र मिश्रित दाउरा २चट्टा, सालको १ चट्टा दाउरा, जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, सघंसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**मग्राह सामुदायिक उपभोक्ता समूह**
**पन्चपुरी नगरपालिका वडा २ सुर्खेत**

मध्यान्ह
www.madhyanhadaily.com
१८ जेठ २०८२ आइतबार
1 June 2025, Sunday

## सम्पादकीय

## आलम सफाइको अर्थ र असर

ईटा भट्टामा जिउँदै मानिस जलाएको आरोपमा दोषी ठहर हुँदै जन्मकैद सजाय पाएका अफताब आलमलाई सफाइ दिने न्यायाधीशद्वय खुसीप्रसाद थारू र अर्जुन महर्जनविरूद्ध न्याय परिषद्मा उजुरी परेको छ । न्यायिक सम्पादन प्रक्रियामा गम्भीर त्रुटि रहेको भन्दै युवराज पौडेलले न्यायाधीशद्वय थारू र महर्जनविरूद्ध निवेदन दिएका हुन् । यो निवेदन उपर कस्तो, कसरी र कहिले प्रक्रिया अगाडि बढ्छ भन्ने अबका दिनमा देखिनेछ । तर १४ जेठमा उच्च अदालत वीरगञ्ज इजलासबाट न्यायाधीशद्वय थारू र महर्जनले आलम सहितलाई दिएको सफाइमाथि पर्याप्त प्रश्न उठेको छ । सिंगो समाज नै आलमले सफाइ पाएकोमा चकित छन् । कतिपयले सफाइ आदेशलाई उच्च राजनीतिक सेटिङ रहेको सार्वजनिक टिप्पणी गरिरहेका छन् ।

आलमलाई रौटहट सजायको पृष्ठभूमि हेर्दा यस्ता टिप्पणीहरू स्वभाविक पनि देखिन्छ । कांग्रेस नेता आलमले २०६४ सालको संविधान सभा चुनाव जित्न हिंस्रक कदम चालेका थिए । अनुसन्धानका क्रममा भेटिएका प्रमाणहरूका आधारमा आलमले जिउँदै मानिस ईटा भट्टामा पोलेका थिए । चुनावमा भय सिर्जना गर्न राजापुर-४, स्थित कांग्रेस नेता शेख इद्रिसको गोठमा बम बनाउन मानिस खटाएका थिए । बम बनाउने क्रममा बिस्फोट भयो । केहीको मृत्यु भयो भने थुप्रै घाइते भए । घाइते मध्ये कतिपयलाई उपचार गराउन भारत लगियो । तर बाँकी घाइतेलाई उपचारको साटो ईटा भट्टामा जिउँदै जलाइयो । त्यस मध्ये यमुनामाई गाउँपालिकाका पिन्टु भन्ने त्रिलोक प्रताप सिंह र ओसी अख्तर मिया पनि थिए ।

यो नरसंहारको आरोपमा आलमविरूद्ध त्यसै बेला एमाले उम्मेद्वार शैलेन्द्र साहले उजुरी दिएका थिए । तर अनुसन्धान प्रक्रिया अगाडि बढेन । २०७९ मा सर्वोच्च अदालतले अनुसन्धान अगाडि बढाउन आदेश दिएपछि बल्ल रौतहट प्रहरी तातियो । २०७६ मा आलम समातिए, थुनामा पठाइए । गत वर्ष १३ वैशाखमा आलम सहित यो घटनाका दोषीहरूलाई जन्मकैदको सजाय सुनाइएको थियो । तर एक वर्षभित्रै आलमले सफाइ पाएर छुटे । यो आदेशले न्यायिक क्षेत्रप्रति गम्भीर प्रश्न उठेको छ । अदालतको सम्मानका निम्ति थप कुनै गतिविधि भएको छैन, तर असन्तोष सर्वत्र देखिन्छ । जिउँदै मान्छे पोलेको घटनामा १२ वर्षसम्म पनि अनुसन्धानमा नआएका आलमलाई जन्मकैदको सजाय पाएको ६ वर्षभित्रै सफाइ दिइनुले असन्तोष हुनु स्वभाविक छ । अतः यो सफाइ प्रक्रियाबारे आमसाधरणलाई विश्वास दिलाउनेगरी न्यायिक सच्याइ आवश्यक छ ।

# नयाँ पुस्ताले खोजेको राजनीति

*यदि नयाँ पुस्ताको आवाजलाई सुन्ने साहस वर्तमान नेतृत्वमा छैन भने नयाँ पुस्ताले आफैं राजनीति प्रवेश गरेर अवस्था परिवर्तन गर्न पनि पछि हट्दैन, किनकि अबको राजनीति केवल सिंहदरबारको कोठाभित्र सीमित रहने छैन...*

अग्रलेख



● युवराज न्यौपाने

नयाँ पुस्ता अर्थात् अहिलेको युवापुस्ता– राजनीतिप्रति गहिरो चासो राख्ने तर, निराशा र वितृष्णा पनि महसुस गर्ने एउटा फरक पुस्ता हो । उनीहरू न त अन्धभक्त हुन्, न नै राजनीतिक बेफिक्री गर्ने केवल दर्शक । बरू उनीहरू परिवर्तन चाहन्छन्, आशावादी छन्, सँगै अनुभवले सचेत पनि । आजको युवा शिक्षित छ, प्रविधिमा अब्बल छ, सामाजिक सञ्जालबाट सूचित छ र लोकतन्त्रको मूल्यलाई बुझ्ने क्षमतावान पनि । यही पृष्ठभूमिमा हेर्दा, नयाँ पुस्ताले खोजेको राजनीति केवल कुर्सीकै लागि गरिने खेल नभई भविष्य निर्माणको यात्राको सारथी हो ।

सबैभन्दा पहिला, नयाँ पुस्ता पारदर्शी र जवाफदेही राजनीति चाहन्छ । उनीहरूका लागि अब 'भोट माग्दा मीठा भाषण र जितेपछि बेपत्ता हुने' शैली स्वीकार्य छैन । कुनै नेताले के भने, किन भने र बोलेको अनुसार काम गऱ्यो कि गरेन भन्ने कुरा मूल्यांकन गर्ने बानी उनीहरूमा छ । सायद अघिल्लो पुस्ताले नेताको बोलीलाई भाग्य ठानेर स्वीकार गऱ्यो होला, तर नयाँ पुस्ता त्यसको समीक्षा गर्छ, आलोचना गर्छ र उत्तर खोज्छ । तसर्थ, उनीहरूका लागि जवाफदेहिता नभएको राजनीतिले अर्थ राख्दैन ।

नयाँ पुस्ताले विचारधाराभन्दा बढी कार्यक्षमता र परिणाममुखी नेतृत्व खोज्छ । सत्ताको खेलमा जस्को सरकार बन्यो, त्यसले पार्टीका लागि होइन, जनताको लागि काम गर्नुपर्छ भन्ने अपेक्षा उनीहरू राख्छन् । 'हाम्रो सरकार' होइन 'सक्षम सरकार' भन्ने सोच राख्ने यो पुस्ताले राजनीतिक दलभन्दा अगाडि देश राख्ने नारा उठाउँछ । उनीहरू सिंगापुर, फिनल्याण्ड वा नर्वे जस्ता मुलुकका उदाहरण दिँदै सोध्छन्– किन हामीले पनि त्यसरी प्रगति गर्न सक्दैनौं ? अनि उत्तर खोज्छन्– के हामीसँग संकल्प छैन, कि नेतृत्व नै कमजोर छ ?

युवापुस्ता समावेशी र समानतामूलक समाजको पक्षमा उभिन्छ । अब राजनीति केवल केही जात, वर्ग वा ठूला शहरमा सीमित हुनु हुँदैन भन्ने सोच उनीहरूमा बलियो छ । महिलाहरूको सहभागिता, दलित र सीमान्तकृत समुदायको प्रतिनिधित्व तथा ग्रामीण क्षेत्रका समस्याहरूलाई प्राथमिकता दिने राजनीति उनीहरूलाई मन पर्छ । नयाँ पुस्ताले नेतृत्वमा विविधता देख्न चाहन्छ, किनभने उनीहरूको अनुभवले भन्छ– विविधताले मात्र सबैको आवाज समेटिन्छ ।

यो पुस्ताले 'नेता'लाई भगवान् ठान्दैन, बरू 'सेवक' ठान्नुपर्छ भन्ने धारणा राख्छ । उनीहरूको लागि नेता भनेको जनताको काम गर्ने जिम्मेवार व्यक्ति हो, जसले असल प्रशासन, पारदर्शी नीति र जनमुखी विकास सुनिश्चित गर्छ । सत्तामा पुगेर जनतालाई बिर्सने, सिफारिस र पहुँचका आधारमा अवसर बाँड्ने वा आफ्ना नातागोता र पार्टीजनलाई प्राथमिकता दिने व्यवहारलाई उनीहरूले अस्वीकार गर्छन् ।

नयाँ पुस्ताले प्रविधिमैत्री, वातावरणमैत्री र भविष्यमुखी राजनीति खोज्छ । जलवायु परिवर्तन, शिक्षा सुधार, रोजगारी सिर्जना र उद्यमशीलता जस्ता विषय उनीहरूका लागि प्राथमिक छन् । पुराना राजनीतिक एजेन्डा जस्तै सडक, पुल वा भवन निर्माण मात्रै होइन, उनीहरू ग्रीन इनर्जी, डिजिटल इकोनोमी, स्टार्टअप इकोसिस्टम र नवप्रवर्तनमूलक सोचलाई प्राथमिकता दिनुपर्ने तर्क गर्छन् । उनीहरूको लागि २१औँ शताब्दीको राजनीति भनेको केवल भौतिक संरचना बनाउने मात्र नभई मानव क्षमता विकास गर्ने राजनीति हो ।

यसैगरी, नयाँ पुस्ता अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने



नेतृत्व खोज्छ । उनीहरूलाई थाहा छ– नेपाल जति सानो भए पनि विश्वसँग जुध्नैपर्ने छ । प्रवासमा रहेका लाखौं नेपाली युवाहरूका सपना, देशप्रतिको लगाव र योगदानलाई व्यवस्थापन गर्न सक्ने खालको रणनीति खोज्छन् उनीहरू । कूटनीतिमा विवेक, परराष्ट्र नीतिमा सन्तुलन र छिमेकीहरूसँग समानताको आधारमा सम्बन्ध राख्ने राजनीतिक क्षमता उनीहरूले नेतृत्वमा हेर्न चाहन्छन् ।

नयाँ पुस्ता सहकार्य र सहिष्णुताको पक्षमा उभिएको देखिन्छ । राजनीतिक विरोधलाई व्यक्तिगत द्वेष होइन, नीतिगत बहसका रूपमा लिनुपर्ने उनीहरूको विश्वास छ । नेताहरूले संसदमा एक अर्कालाई गाली गर्ने होइन, समाधान प्रस्तुत गर्नुपर्ने अपेक्षा उनीहरू राख्छन् । एउटै उद्देश्य– देशको प्रगतिमा भिन्न दृष्टिकोणसहित मिलेर काम गर्न सक्ने संस्कार राजनीतिक नेतृत्वमा चाहन्छन् ।

आर्थिक पारदर्शिता, भ्रष्टाचारविरूद्ध कडा ऐक्यबद्धता अनि राजनीतिक निर्णयहरूमा वैज्ञानिक आधार र जनसरोकारलाई प्राथमिकता दिनु आजको युवाको चाहना हो । बजेट घोषणामा युवाहरू अब सजग छन्, के यो चुनाव लक्षित हो ? के यसले रोजगारी सिर्जना गर्छ ? कि केवल सस्तो लोकप्रियताको खेल हो ? अनि सामाजिक सञ्जालबाट उनीहरू यस्ता कुराको निगरानी गर्छन्, आलोचना गर्छन् र आवाज उठाउँछन् ।शिक्षा र राजनीतिबीचको सम्बन्ध पनि नयाँ पुस्ताको दृष्टिकोणमा गहिरो छ । शिक्षाले चेतना दिन्छ र चेतनाले राजनीति परिवर्तन गर्छ भन्ने उनीहरूको विश्वास छ । तर जब शिक्षित युवा राजनीतिमा लाग्न खोज्छ, उसलाई 'कच्चा' भन्दै टारिन्छ, या त स्थापित सत्ताका खेलमा गाभ्न खोजिन्छ । नयाँ पुस्ताले स्वतन्त्र सोच राख्ने, नीति निर्माणमा संलग्न हुन चाहने र राजनीतिलाई पेशागत ढंगमा अगाडि बढाउने सोच राख्ने नेताहरू चाहन्छ ।

यसबाहेक, नेतृत्वमा आउने व्यक्तिको जीवनशैली, भाषा, आचरण र मूल्य-मान्यतालाई पनि नयाँ पुस्ताले बारम्बार मूल्यांकन गर्छ । भ्रष्टाचारमा संलग्न, हिंस्रक भाषामा बोल्ने वा अरूलाई होच्याउने प्रवृत्ति भएका नेताहरूलाई अस्वीकार गर्ने संस्कार उनीहरूमा विकास भएको छ । सायद यसकारण पनि अहिलेका राजनीतिक दलहरू युवाहरूलाई

> *नयाँ पुस्ता पारदर्शी र जवाफदेही राजनीति चाहन्छ । उनीहरूका लागि अब 'भोट माग्दा मीठा भाषण र जितेपछि बेपत्ता हुने' शैली स्वीकार्य छैन । कुनै नेताले के भने, किन भने र बोलेको अनुसार काम गऱ्यो कि गरेन भन्ने कुरा मूल्यांकन गर्ने बानी उनीहरूमा छ...*

आकर्षित गर्न हम्मेहम्मे परेको छ ।

नयाँ पुस्ता उही पुराना अनुहारहरूको निरन्तरता होइन, नयाँ सोच, नयाँ अभ्यास र नयाँ नेतृत्व खोज्दैछ । उनीहरू असल नेतृत्वलाई दलको सीमाभन्दा बाहिर गएर पनि समर्थन गर्न तयार छन् । उनीहरूको लागि राजनीति केवल चुनाव जित्ने खेल होइन, जनसेवा गर्ने माध्यम हो ।

निष्कर्षमा, नयाँ पुस्ताको खोजी केवल नेताको नाम फेर्ने होइन, नेतृत्वको चरित्र परिवर्तन गर्ने हो । उनीहरूले खोजेको राजनीति निष्पक्ष, दूरदर्शी, सहभागी, पारदर्शी, उत्तरदायी र जनमुखी हुनुपर्छ । यदि नयाँ पुस्ताको आवाजलाई सुन्ने साहस वर्तमान नेतृत्वमा छैन भने नयाँ पुस्ताले आफैं राजनीति प्रवेश गरेर अवस्था परिवर्तन गर्न पनि पछि हट्दैन । किनकि अबको राजनीति केवल सिंहदरबारको कोठाभित्र सीमित रहने छैन– यो टोल-छिमेक, क्याम्पस, इन्टरनेट र चियापसलसम्म आइपुगेको छ । यही परिवर्तनको वेगलाई चिन्न नसक्ने नेतृत्वको दिन अब गनिँदै गएको छ ।

## इतिहासमा आज

१ जुन २००१ मा तेल अभिभको डिस्कोमा हमासले आत्मघाती बम बिस्फोट गराउँदा २१ जनाको मृत्यु भएको थियो ।



१ जुन २००९ मा रियो दि जेनेरियोबाट पेरिसको उडानमा एयर फ्रान्सको उडान ४४७ ब्राजिलको तटबाट एट्लान्टिक महासागरमा दुर्घटनाग्रस्त भयो । सबै २२८ यात्रु र चालक दलका सदस्यको मृत्यु भएको थियो ।



१ जुन २०११ मा २५ उडानहरू पछि अन्तरिक्ष यात्री जहाज एन्डेभरले अन्तिम अवतरण गरेको थियो ।



१ जुन २०१५ मा चीनको हुबेई प्रान्तको याङ्त्जे नदीमा ४५८ जना बोकेको जहाज पल्टियो, जसमा ४४२ जनाको मृत्यु भएको थियो ।



## सामाजिक सञ्जाल



रञ्जित तामाङ

जिल्ला अदालतबाट सदर मुद्दाहरू उच्च अदालतमा पुगेर बदर हुने, अनि सर्वोच्च अदालत पुगेर फेरि जिल्ला अदालतकै फैसला सदर बारम्बार किन हुन्छ ? उच्च अदालतको श्रीमानहरूका लागि संविधान र कानुन नै छुट्टै छ भन्ने त लाग्दैन ।

मोहम्मद आफताव आलमको केसमा धेरैको चित्त बुझेको छैन । सरकारी एटर्नीहरूले आफ्नो तहकिकात तथा अनुसन्धानमा कहाँ कमी भयो वा सफाइका आधारमा कमजोरी भए अगाडि के गर्न सकिन्छ पुनः हेर्नुपर्ने हुन्छ । तर, सुनुवाइ गर्ने दुवै न्यायाधीशहरू असल तथा सक्षम मानिन्छन् ।



विपिन अधिकारी



देवेन्द्र सुवेदी

मुद्दा नचल्ने निर्णय गऱ्यो महान्यायाधिवक्ताले । पीडितले फरियाद गरे । पुनः अनुसन्धानको सख्त परमादेश गऱ्यो सर्वोच्च अदालतले । पातालबाट खोजेर निकाल्यो प्रमाणहरू प्रहरीले । सजाय सुनायो जेल पठायो जिल्ला अदालतले । घटना नै नभएको भन्दै सफाइ दियो उच्च अदालतले । यसरी फौजदारी न्यायको चक्र पुरा भयो ।

राजतन्त्रको शासनमा फरक विचारलाई अराष्ट्रिय तत्त्व भनिन्थ्यो र दमन गरिन्थ्यो । लोकतान्त्रिक गणतन्त्रमा पुनः राजतन्त्र चाहियो भनेर आन्दोलन गर्न पाइन्छ र यिनलाई गणतान्त्रिक सरकारका प्रहरीले सुरक्षा दिन्छन् । यही हो यी दुई माझको फरक ।



कृष्ण पोखरेल

# सूचना प्रविधिमा नेपालको सम्भावना

विचार



● अपूर्व नेपाल

> *नेपालका लागि सूचना प्रविधि केवल विकासको विकल्प होइन, अनिवार्यता हो । रोजगारी, शिक्षा, शासन, स्वास्थ्य, कृषि, पर्यटन सबै क्षेत्रमा यसको प्रभावकारी प्रयोगले नेपाललाई समृद्धिको यात्रामा अघि बढाउन सक्छ...*

सूचना प्रविधि आजको युगको मेरुदण्डजस्तै बनिसकेको छ । विश्व अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, सञ्चार, प्रशासनदेखि रोजगारीका हरेक क्षेत्रमा यसको प्रयोग र प्रभाव व्यापक रूपमा देखिएको छ । नेपालजस्तो विकाशोन्मुख मुलुकका लागि सूचना प्रविधिमा रहेको सम्भावना झन् विशेष महत्वको विषय हो । भौगोलिक विविधता, जनशक्ति, युवा वर्गको सक्रियता, प्रवासी नेपालीको सञ्जाल, सरकारी तथा निजी क्षेत्रमा भएको लगानी र विस्तार हुँदै गइरहेको डिजिटल पूर्वाधारले नेपाललाई सूचना प्रविधिको क्षेत्रमा ठूलो छलाङ मार्न सक्ने अवस्थामा पुऱ्याएको छ ।

नेपालमा सूचना प्रविधिको विकास केही दशक अघिबाट सुरु भए पनि पछिल्ला केही वर्षमा यसको तीव्रता उल्लेखनीय छ । स्मार्टफोनको पहुँच, इन्टरनेटको व्यापक विस्तार, डिजिटल शिक्षाको प्रबर्द्धन, सरकारको डिजिटल नेपाल फ्रेमवर्कजस्ता योजनाले सूचना प्रविधिलाई प्राथमिकतामा राख्न थालेका छन् । डिजिटल पेमेन्ट, ई-गभर्नेन्स, टेलिमेडिसिन, अनलाइन शिक्षा, क्लाउड कम्प्युटिङ, साइबर सेक्युरिटी, ब्लकचेन र कृत्रिम बुद्धिमत्ता (एआई) जस्ता क्षेत्रहरूमा नेपालले सम्भावनाका ढोका खोलिरहेको छ ।

नेपालमा युवाशक्ति ठूलो सम्पत्ति हो । शिक्षित, प्राविधिक र डिजिटल प्रविधिप्रति चासो राख्ने ठूलो युवा जनसंख्या सूचना प्रविधिको मुख्य चालक बन्न सक्छ । विश्व बजारका लागि आवश्यक पर्ने सफ्टवेयर विकास, एप निर्माण, वेबसाइट डिजाइन, डिजिटल मार्केटिङ, डेटा एनालिटिक्सजस्ता क्षेत्रमा नेपाली युवाहरूको क्षमता बढ्दो छ । यस्ता सीपले देशभित्रै रोजगारी सिर्जना मात्र होइन, वैदेशिक मुद्रा आर्जनमा समेत महत्वपूर्ण योगदान दिन सक्छ ।

फ्रिलान्सिङ, रिमोट वर्क र आउटसोर्सिङजस्ता सूचना प्रविधिसँग सम्बन्धित कार्यप्रणालीले विश्वभरको काम नेपालीले घरमै बसेर गर्न सक्ने वातावरण निर्माण गरिरहेको छ । नेपालका थुप्रै युवाहरू यति बेलै अपवर्क, फ्रिलेन्सर, फाइरि जस्ता प्लेटफर्ममार्फत विश्वका ग्राहकसँग काम गरिरहेका छन् । यदि सरकारले यी कार्यलाई वैधानिक, कर प्रणालीसँग जोडिएको र सुरक्षित बनाउने हो भने सूचना प्रविधिले युवालाई विदेशिन नपर्ने र देशमै भविष्य देख्ने अवसर दिन सक्छ । शिक्षा प्रणालीमा सूचना प्रविधिको प्रयोगले गुणस्तरीय शिक्षाको पहुँच बिस्तार गर्न मद्दत पुऱ्याउन सक्छ । ग्रामीण भेगका विद्यालयमा इन्टरनेट, कम्प्युटर र आवश्यक सामग्रीको उपलब्धता गराउन सके अनलाइन शिक्षा, डिजिटल लाइब्रेरी, स्मार्ट लर्निङ प्लेटफर्महरू मार्फत शिक्षामा क्रान्ति ल्याउन सकिन्छ । यसले शहरी-ग्रामीण शिक्षामा रहेको खाडल मेट्न सहयोग पुग्छ ।

सरकारी सेवा प्रवाहलाई पारदर्शी, प्रभावकारी र तीव्र बनाउन सूचना प्रविधिले ठूलो भूमिका खेल्न सक्छ । ई-गभर्नेन्स प्रणालीलाई अझ सुदृढ बनाउने हो भने सेवा प्राप्तिमा देखिने ढिलासुस्ती, भ्रष्टाचार र अनियमितताको अन्त्य गर्न सकिन्छ । नागरिक वडापत्र, डिजिटल नागरिकता, भूमि अभिलेख व्यवस्थापन, कर प्रणाली, सामाजिक सुरक्षा योजनाको वितरण सबै कुरालाई डिजिटल प्रणालीमार्फत व्यवस्थित गर्न सकिन्छ ।

नेपालले सूचना प्रविधिमा विदेशी लगानी आकर्षण गर्नसक्ने सम्भावना पनि ठूलो छ । भारत, चीन, अमेरिका, युरोप लगायत मुलुकले सूचना प्रविधिमा नवप्रवर्तनको खोजी गरिरहेका बेला नेपालले सस्तो श्रम, इन्जिनियरिङ क्षमतायुक्त जनशक्ति र अंग्रेजी भाषाको सामान्य बुझाइलाई उपयोग गर्दै विदेशी कम्पनीहरूलाई आउटसोर्सिङको केन्द्र बनाउन सक्छ । यो सम्भावनालाई सार्थक बनाउन प्राविधिक शिक्षाको गुणस्तर, उच्च गतिका इन्टरनेट सेवा, डेटा सेन्टरहरूको स्थापना र साइबर सुरक्षामा लगानी आवश्यक छ ।

सूचना प्रविधिको विकाससँगै चुनौतीहरू पनि छन् । साइबर सुरक्षाको सवालमा नेपाल अझै कमजोर देखिन्छ । व्यक्तिगत डेटा सुरक्षाको अभाव, कमजोर कानुनी संरचना, अनलाइन ठगी र हैकरहरूको सक्रियता निरुत्साहित तुल्याउने खालका छन् । यिनको समाधानका लागि कडा कानुनी संरचना, दक्ष जनशक्ति र साइबर शिक्षा आवश्यक छ । साथै, डिजिटल पहुँचको असमानता, विशेषगरी ग्रामीण क्षेत्रमा, सूचना प्रविधिको समावेशी विकासमा अवरोध बनिरहेको छ । त्यसैले डिजिटल पूर्वाधार विकासलाई समान रूपमा विस्तार गर्नुपर्छ ।

अन्ततः नेपालका लागि सूचना प्रविधि केवल विकासको विकल्प होइन, अनिवार्यता हो । रोजगारी, शिक्षा, शासन, स्वास्थ्य, कृषि, पर्यटन सबै क्षेत्रमा यसको प्रभावकारी प्रयोगले नेपाललाई समृद्धिको यात्रामा अघि बढाउन सक्छ । शासकीय इच्छाशक्ति, सार्वजनिक-निजी साझेदारी र जनचेतना अभिवृद्धि हुने हो भने सूचना प्रविधि नेपालको आगामी पुस्ताका लागि भविष्य निर्माण गर्ने मुख्य आधार बन्न सक्छ ।

*(नेपाल, आइटी विज्ञ हुन् ।)*

# ‘निराशालाई चिर्दै आशा र सम्भावनालाई जगाउन आवश्यक’

**काठमाडौं/मस**–संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले निराशालाई चिर्दै आशा र सम्भावनालाई जगाउनु आवश्यक रहेको बताएका छन् ।

नेपाल प्रज्ञा-प्रतिष्ठानको सामाजिक शास्त्र विभागले आयोजना गरेको सामाजिक शास्त्र वार्षिक सङ्गोष्ठी २०८२ को उद्घाटन गर्दै मन्त्री पाण्डेले सो कुरा बताएका हुन् ।

पानसमा बत्ती बालेर‘नेपाली समाजका विविधता’ विषयक २ दिने कार्यक्रमको उद्घाटन गर्दै मन्त्री पाण्डेले सामाजिक शास्त्रको अनुसन्धान क्षेत्रमा पर्याप्त लगानी नभएको तर्फ संकेत गरे । उनले सङ्गोष्ठीमा प्रस्तुत हुने कार्यपत्रहरूले केवल समस्या मात्र होइन, आशाको सञ्चार पनि गर्नुपर्ने बताए । उनले भने, ‘यदि अनुसन्धानले गलत निष्कर्ष निकाल्यो भने समाज नै दुर्घटनामा पर्न सक्छ। त्यसैले समाज अध्ययनले सम्भावनालाई पनि उजागर गर्नुपर्छ ।’



उनले चाँडै सरकारले सांस्कृतिक नीति ल्याउने तयारी गरिरहेको जानकारी पनि दिए। कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका सदस्य-सचिव डा.धनप्रसाद सुवेदीले स्वागत मन्तव्य राख्दै समाजका विविध विषयको गहिरो अध्ययन आवश्यक रहेको र त्यही सोचले कार्यक्रमको आयोजना गरिएको बताए ।

भाषा आयोगका अध्यक्ष डा.गोपाल ठाकुर,ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमुनि हार्तम्छाली र प्रज्ञा-प्रतिष्ठानका पूर्व प्राज्ञ परिषद् सदस्य प्रा. दिनेशराज पन्तले सङ्गोष्ठीको सफलताको शुभकामना मन्तव्य व्यक्त गरे ।

कार्यक्रमका मुख्य वक्ता डा.सुरेश ढकाल रहेका थिए। सङ्गोष्ठीको सभाध्यक्ष तथा सामाजिक शास्त्र विभाग प्रमुख डा.कौशिला रिसालले समाजका विविध पक्षहरूलाई केलाउने १३ वटा कार्यपत्र प्रस्तुत हुने जानकारी दिइन् । उनले सङ्गोष्ठीले सकारात्मक सम्भावनाको प्रवाह गर्ने अपेक्षा गर्दै उद्घाटन सत्रको समापन गरिन् ।

कार्यक्रमको सञ्चालन प्रज्ञा-प्रतिष्ठानका भौतिक संसाधन व्यवस्थापन महाशाखा प्रमुख सन्ध्या पहाडीले गरिन् । त्यसपछि सौन्दर्यशास्त्री ईश्वरचन्द्र ज्ञवालीले ‘समाजवाद र संस्कृतिको विश्लेषण’, प्रा.डा.श्रीधर गौतमले ‘वैज्ञानिक समाजवाद र संस्कृति’, प्रा.डा.शम्भुप्रसाद खतिवडाले ‘सामाजिक शास्त्र अध्ययनका नयाँ आयामहरू’, डा.उत्तम खनालले ‘समाजवाद उन्मुख अर्थतन्त्रको भ्रम र वास्तविकता’ र डा.टिकाराम पोखरेलले ‘सीमान्तकृत समुदायका सवाल र मानव अधिकार’ विषयक कार्यपत्र प्रस्तुत गरे । फोकल पर्सनका रूपमा प्राज्ञसभा सदस्य डा.विष्णुकुमार सिङ्जाली, प्रा.डा. विनोद पोखरेल, प्रा.डा.सुरेन्द्र केसी, डा.केशव सिलवाल र केशव नेपाल रहेका थिए। कार्यपत्र सत्रको अध्यक्षता डा.हेमराज ढकालले गरेका थिए ।

# गुल्मी सेवा समाज कतारको अध्यक्षमा मित्र बिएस

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १७ जेठ



गुल्मीबाट वैदेशिक रोजगार तथा व्यवसायको सिलसिलामा कतारमा रहेका गुल्मेलीहरूको साझा संस्था गुल्मी सेवा समाज कतारको दशौं साधारणसभा सम्पन्न भएको छ। रेसुङ्गा नगरपालिका वडा ४ अर्खले गुल्मीमा जन्म भइ करिब दुई दशकदेखि कतारलाई कर्मथलो बनाउँदै आएका मित्र बहादुर विक सुनार(मित्र बिएस) नेतृत्वमा नयाँ कार्यसमिति चयन गर्दै साधारणसभा फूलबारीको हलमा सम्पन्न भएको हो ।

संस्थागत रूपमा सन् २००७ मा साधारण सदस्य हुँदै समाजमा प्रवेश गरेका मित्रले क्रमशः कार्यसमिति सदस्य,क्षेत्रीय संयोजक कोषाध्यक्ष,उपाध्यक्ष तथा वरिष्ठ उपाध्यक्ष हुँदै दशौं साधारणसभामार्फत अध्यक्षमा सर्वसम्मत चयन भएका हुन् । कार्यसमितिको पदाधिकारीहरूमध्ये वरिष्ठ उपाध्यक्ष सुरज चन्द बोहोरा, प्रथम उपाध्यक्ष देव लम्साल, उपाध्यक्ष दर्शन सुनार, सचिव कुमार राहादी मगर, सह-सचिव रमेश पछाई, कोषाध्यक्ष कमल खत्री, महिला संयोजक कल्पना घर्ती रहेका छन् ।

कार्यसमितिको सदस्यहरूमा गोपाल पछाई (गोपी), ज्ञान बहादुर शाही, भीम बहादुर पाण्डे, दीपक घिमिरे, सुरेश परियार, मान बहादुर कार्की, शमशेर सुनार, गिरी प्रसाद दर्लामी र महिला सदस्य दुर्गा माझी रहेका छन् । सर्वसम्मत भएको कार्यसमितिलाई निर्वाचन समितिका संयोजक बुद्ध पाण्डेले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

साधारणसभाको खुल्ला सत्र समाजका अध्यक्ष कमल अर्यालको सभाध्यक्षता तथा सामाजिक व्यक्तित्व तथा लुम्बिनी प्रदेश समन्वय परिषद् कतारका संस्थापक संरक्षक क्रान्ति सिंहको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । साधारणसभामार्फत कार्यकालभरी सहकार्य गरेका विभिन्न सामाजिक तथा सामुदायिक संघसंस्था, सिंगो कार्यसमिति, विभिन्न व्यक्तित्वहरू, पत्रकार लगायतलाई सम्मान गरिएको थियो ।

कतारमा स्थापित विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूसहित गुल्मेलीहरूको बाक्लो उपस्थिति रहेको थियो । साधारणसभामा बोल्दै एनआरएनए एनसीसी कतारका अध्यक्ष रमेश भट्टले छिट्टै एनसीसीले श्रमिकलाई लक्षित गर्दै सचेतना कार्यक्रमहरू क्रमशः लिएर आउने बताए । साधारणसभामा बोल्ने अन्य वक्ताहरूले सामाजिक तथा मानवीय क्षेत्रमा समाजले गरेका कार्यहरूको प्रशंसा गर्दै कतारमा रहेका श्रमिकहरूले श्रम नवीकरण, सामाजिक सुरक्षा कोषमा आबद्धता, कतारका अस्पतालमा रहेका बिरामीहरूलाई आवश्यक सहयोग तथा घर फिर्ती र ट्राफिक नियमका बारेमा सचेतना फैलाउन आवश्यक रहेको बताए ।

समाजका वरिष्ठ उपाध्यक्ष मित्र बिएसले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि सिंहले गुल्मी जिल्ला ऐतिहासिक जिल्ला रहेको बताउँदै कतारमा रहेका गुल्मेलीहरूले जिल्ला तथा कतारमा मानवीय हितका क्षेत्र प्रशंसनीय कार्य गरेको बताए । उनले कतारमा रहेको नेपाली समुदायले श्रमिकको हकहितमा काम गर्ने बेला आएको बताए । सभाको खुल्ला सत्रको समापन गर्दै सभाध्यक्ष अर्यालले गुल्मी जिल्ला धार्मिक तथा पर्यटकीय जिल्ला रहेको बताउँदै कार्यकालमा साथ दिने र मार्ग निर्देशित गर्ने सम्पूर्णमा आभार प्रकट गरेका थिए । समाजका सचिव दर्शन सुनारले कार्यक्रमलाई सहजीकरण गर्दै संस्थागत कार्य प्रगति विवरण पेस गरेका थिए ।

# राजदूत नेपालद्वारा माल्टाका राष्ट्रपतिसमक्ष ओहोदाको प्रमाणपत्र पेस

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, १७ जेठ

स्पेनका लागि नेपाली राजदूत तथा माल्टाका लागि गैरआवासीय नेपाली राजदूत शनिल नेपालले माल्टाकी राष्ट्रपति मायरीयम स्पिटेरी देबोनोसमक्ष आफ्नो ओहोदाको प्रमाणपत्र पेस गरेका छन् ।

माल्टाको राजधानी भ्यालेत्तास्थित राष्ट्रपति भवनमा आयोजित विशेष समारोहका बीच राजदूत नेपालले राष्ट्रपति देबोनोसमक्ष ओहोदाको प्रमाणपत्र पेस गरेका हुन् ।

सो अवसरमा राजदूत नेपालले राष्ट्रपति देबोनोसँग शिष्टाचार भेट गरेका थिए । भेटमा नेपाल र माल्टाबीचको द्विपक्षीय मैत्रीपूर्ण सम्बन्ध, सहयोग अभिवृद्धि र सहकार्यका सम्भावनालगायत विषयमा छलफल भएको स्पेनस्थित नेपाली दूतावासले जनाएको छ ।



राजदूत नेपालले राष्ट्रपति रामचन्द्र पौडेलको शुभकामना सन्देश सुनाउँदै नेपाल सरकार र नेपाली जनताको तर्फबाट माल्टा सरकार तथा जनताप्रति सद्भाव प्रकट गरेका थिए ।

उनले नेपाल र माल्टा दुवै मुलुक पर्यटनका लागि सम्भावनायुक्त भएकाले जलवायु परिवर्तनका कारण देखा परेका असर र चुनौतीजस्ता साझा मुद्दामा आपसी सहयोग र सहकार्यको आवश्यकतामा जोड दिएका थिए । शैक्षिक, पर्यटन र व्यापारलगायतका क्षेत्रमा सहकार्यका साथै नेपालमा माल्टाको दूतावास स्थापनाका लागि राष्ट्रपतिसमक्ष आग्रह गरिएको राजदूत नेपालले जानकारी दिए ।

सो अवसरमा राजदूत नेपाललाई बधाई दिँदै राष्ट्रपति देबोनोले सफल कार्यकालको शुभकामना समेत दिएका थिए । उनले माल्टामा बसोबास गर्दै आएका नेपालीको मेहनत, परिश्रम र योगदानको प्रशंसा गर्दै माल्टावासी नेपालीको हितका लागि माल्टामा कन्सुलर कार्यालय स्थापना गर्न आग्रह गरेको राजदूत नेपालले बताए ।

राष्ट्रपति देबोनोले दुई मुलुकबीच सांस्कृतिक तथा शैक्षिक आदानप्रदानलाई प्रोत्साहन गर्न सकिने उल्लेख गर्दै सन् २०२६ मा हुने माल्टा बिएन्नाले कार्यक्रममा सहभागिताको लागि नेपाललाई औपचारिक निमन्त्रणा समेत दिएको उनले बताए ।

उक्त समारोहमा राष्ट्रपतिको कार्यालयका अधिकारीहरू, विदेश मन्त्रालयका अधिकारीहरूका साथै नेपाली दूतावासका कर्मचारीको उपस्थिति रहेको दूतावासले जनाएको छ । पछिल्लो समय माल्टा नेपाली श्रमिकको लागि आकर्षक श्रम गन्तव्य मुलुक बनेको छ। माल्टामा नेपालीको संख्या यकिन नभए पनि १० हजारको हाराहारीमा रहेको अनुमान छ ।

# ‘ढुंगेयुगकालीन सामग्री’ भेटिए

**महोत्तरी/मस**–महोत्तरीको बर्दिबास नगरपालिका-३ को राइमण्डल तथा पाटु क्षेत्रमा पाषाण युगकालीन महत्वपूर्ण सामग्री पाएको विज्ञहरूले बताएका छन्। विज्ञ टोलीले अन्वेषणका क्रममा रातु नदी पश्चिम, भब्सी नदीपूर्व, बर्दिवास-३ को गौरीडाँडा र पूर्व मोडिएको भब्सी नदीको भागबाट उत्तर एवं राइमण्डलडाँडादेखि दक्षिणको ७ दशमलव ५ वर्ग किलोमिटरको क्षेत्रभित्र अध्ययन अन्वेषण गरेको हो। अन्वेषण टोलीका विज्ञ डा.मञ्जिल हजारी र पुरातत्व विभागका विज्ञ भाष्कर ज्ञवालीले गत शनिबारदेखि गरेको अध्ययन अन्वेषणको निष्कर्ष बर्दिवासका सरोकारवालाबीच शनिबार सार्वजनिक गरिएको छ ।

‘मध्यपाषाण युगकालीन हतियार र औजार फेला परेको मुलुककै यो ठूलो क्षेत्र हो,’ विज्ञ ज्ञवालीले भने, ‘यसले मध्यपाषण युगकालीन इतिहास र मानव सभ्यता बुझ्न, अध्ययन गर्न नयाँ अध्याय थपेको छ ।’ यो राष्ट्रकै मुख्य सम्पदास्थलका रूपमा विकास हुन सक्ने पुरातत्व तथा भूगर्भविद्ले निष्कर्ष निकालेका हुन्। अब नेपाल सरकारले पुरातत्व विभागलाई यो क्षेत्र संरक्षित गर्न तत्काल पहलकदमी बढाउन आवश्यक देखिएको ज्ञवालीले बताए।

विज्ञ टोलीले यहाँ १८ प्रकारका विभिन्न हतियार र औजार तथा सामग्री बनाउन प्रयोग गरिएका ७ प्रकारका औजारसहित २५ प्रकारका ढुंगे औजार फेला पारेको छ। प्राप्त सामग्रीमा त्यतिखेर प्रयोग भएका छुरा, खुकुरी, खुँडा, घुयत्रोसहितका ढुंगे हतियार र छिनो, गल, मुङ्गोजस्ता औजार फेला परेका डा. हजारीले बताए । यी औजार र हतियार कामका विविध क्षेत्रअनुसार प्रयोगमा आउने खालका रहेका डा. हजारीको भनाइ छ। सन् १९८० को दशकमा जर्मन अन्वेषक गुड्न कर्विन्सको अध्ययनलाई पछ्याउँदै अन्वेषण गरिँदै जाँदा क्रमशः नयाँनयाँ तथ्य फेला पर्दै जाने डा.हजारीको विश्वास छ ।

# पत्रकारलाई एआइसम्बन्धी प्रशिक्षण

**पोखरा/मस**-अध्ययन अवलोकन भ्रमणका क्रममा कास्की पुगेका पाल्पाका पत्रकारहरूलाई पोखरामै कृत्रिम बुद्धिमत्ता (एआई) सम्बन्धी प्रशिक्षण प्रदान गरिएको छ । नेपाल पत्रकार महासंघ पाल्पा शाखाको समन्वय र रामपुर नगरपालिकाको आयोजनामा सम्पन्न तालिममा झन्डै ३० जना पत्रकार सहभागी थिए ।




मिडियामा एआइका अभ्यासकर्ता तथा अध्यता जीवन भण्डारीले पत्रकारितामा कृत्रिम बुद्धिमत्ताको प्रभावकारी प्रयोग, सम्भावना, चुनौती र सावधानीका विषयमा सैद्धान्तिक र प्रयोगात्मक ज्ञान दिए। उनले समाचार लेखन, अनुसन्धान र सामग्री उत्पादनमा प्रयोग गर्न सकिने विभिन्न एआई टुल्सको प्रयोगसम्बन्धी व्यावहारिक अभ्याससमेत गराए ।

कार्यक्रममा अर्का सञ्चारकर्मी भरत कोइरालाले वर्तमान सञ्चार परिदृश्य र प्रविधि प्रयोगसँग सम्बन्धित चुनौतीबारे जानकारी गराए ।

तालिममा सहभागी पत्रकार इमानसिंह रानाले तालिम निकै उपयोगी भएको प्रतिक्रिया दिँदै भने, ‘एआईका टुल्सहरू प्रयोग गर्न सिकेर हामी अत्यन्त उत्साहित भएका छौं ।’ अन्य सहभागीहरूले पनि तालिमले आफ्नो पत्रकारितामा नवीन आयाम थपिएको अनुभव सुनाए । तालिममा एआइको प्रयोगसम्बन्धी सिप सिक्न पाएर सहभागी सबै पत्रकार हरु खुसी भएको महासंघका सहसचिव दुर्गेश मल्लले बताए ।

यसअघि तालिमको उद्घाटन सत्रमा महासंघका पूर्व जिल्ला अध्यक्ष भगवान भण्डारीले यस्ता प्रविधिमैत्री कार्यक्रमहरू पत्रकार हरूका लागि अत्यन्त आवश्यक रहेको बताउँदै कार्यक्रम सफल बनाउन सहयोग गर्ने रामपुर नगरपालिकालाई धन्यवाद ज्ञापन गरे । महासंघकी उपाध्यक्ष बन्दना पोखरेलले सहभागी, प्रशिक्षक, अतिथि र आयोजना सहयोगी संस्था रामपुर नगरपालिकाप्रति आभार प्रकट गरिन् ।

# रास्कोटमा विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनसम्बन्धी तालिम

**कमल कुमाल/मध्यान्ह**
कालिकोट, १७ जेठ

कालिकोटको रास्कोट नगरपालिकामा विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनसम्बन्धी २ दिने तालिम सम्पन्न भएको छ ।

प्लान ईन्टरनेश्नल नेपालको आर्थिक सहयोग र रास्कोट नगरपालिकाको आयोजना तथा हरेन्डेक नेपाल कालिकोटद्वारा संचालित सशक्त बालिका परियोजना अन्तर्गत विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी रास्कोट नगरपालिका विपद् व्यवस्थापन समितिका करिव २७ जना सहभागीलाई विविध विषयमा तालिम दिइएको पत्रकार टीकाराज उपाध्यायले बताए ।



त्यस्तै तालिममा बोल्दै नगर उपप्रमुख मनिराज बरालले विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी तालिममा सिकेका कुरालाई व्यहारमा लागू गर्नुका साथै तालिम समय सान्दर्भिक रहेको बताए । तालिममा घरमा आगलागि, ग्यास चुहिएर हुने आगलागी, पहिरोबाट बच्न र प्राथमिक उपचारबारे जानकारी दिइएको सशक्त बालिका परियोजनाका संयोजक पदम हमालले जानकारी दिए ।

# ‘लुम्बिनीको महत्व विश्वभर फैलाउन सञ्चार क्षेत्रको भूमिका अपरिहार्य’




**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
बुटवल, १७ जेठ

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनीको महत्व अन्तर्राष्ट्रिय स्तरमा फैलाउन सञ्चार माध्यमहरूले महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुपर्ने बताएका छन ।

शनिबार लुम्बिनीमा आयोजित टेलिभिजनहरूको प्रथम राष्ट्रिय कार्यशालाको उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले लुम्बिनी देवभूमि, तपोभूमि र ज्ञानभूमि भएकाले यसको गहिरो प्रचार-प्रसारमा सञ्चार क्षेत्रले अझ सक्रियता देखाउनुपर्ने बताए ।

‘लुम्बिनी देवभूमि हो । ज्ञानभूमि हो । तपोभूमि हो । यसको महत्व विश्वभर फैलाउन जरुरी छ । यसका लागि सञ्चार माध्यमहरूको भूमिका अत्यन्तै महत्वपूर्ण रहन्छ,’मुख्यमन्त्री आचार्यले भने,‘लुम्बिनी प्रदेशकासमग्र क्षेत्रको विषयमा चर्चा परिचर्चा हुन जरुरी छ। विश्वको ध्यानाकर्षण गराउन मिडिया क्षेत्रको योगदान अनिवार्य हुने भएकाले सबै मिलेर अघि बढ्न जरुरी छ ।’

मुख्यमन्त्री आचार्यले मुलुक बनाउन सबै नागरिकले आफ्नो ठाउँबाट योगदान दिनुपर्ने बताए ।

लुम्बिनीको विकास र समृद्धिको लागि सञ्चार क्षेत्रबाट अहिलेसम्म उल्लेखनीय भूमिका निर्वाह भएको छ। ‘म यसको प्रशंसा गर्दछु,’उनले भने,‘समाजमा सकारात्मक सोचको विकास गर्न आवश्यक छ । यसमा मिडियाले अझ प्रभावकारी भूमिका खेल्नुपर्छ ।’

सरकारका काममा स्वस्थ आलोचना हुनु जरुरी भए पनि राम्रो कार्यहरूलाई अन्देखा नगर्न आग्रह गरे ।

‘सरकारका कमजोरी छन् भने त्यसको स्वस्थ आलोचना गर्नुस् । तर, सरकारको राम्रो काम हुँदा पनि अन्देखा गर्नुहुन्न,’मुख्यमन्त्री आचार्यले भने, ‘लुम्बिनी बनाउने काम कुनै अलौकिक शक्ति आएर हुने होइन। लुम्बिनी बनाउने जिम्मेवारी भनेको तपाई हामी सबैको हो ।’

सञ्चारमाध्यमको सहयोगबिना लुम्बिनीको प्रचार-प्रसार विश्वव्यापी बन्न नसक्ने उल्लेख गर्दै उनले पर्यटन क्षेत्रका खबरहरू जनजनका कानमा पुर्‍याउन सञ्चार माध्यमले अझ सक्रिय भूमिका खेल्नुपर्नेमा जोड दिए ।

त्यसैगरी, मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेशबाट टेलिभिजन र रेडियो दुवैको नविकरण प्रक्रिया अघि बढाउन संघीय सरकारसँग समन्वय भइरहेको जानकारी दिए ।

‘प्रदेशमा मिडिया दर्ता भइरहेका छन् । अब नवीकरणको काम पनि प्रदेश तहबाट गर्न सकिने विषयमा संघीय सरकारसँग समन्वय भइरहेको छ’ उनले भने, ‘यसको निकास पनि छिट्टै निस्कने छ ।’

‘समृद्धिका लागि सञ्चार’ नारासहित आयोजना गरिएको टेलिभिजनहरूको प्रथम राष्ट्रिय कार्यशालामा राष्ट्रिय टेलिभिजन प्रसारक संघ लुम्बिनीका अध्यक्ष नरेश केसीको अध्यक्षता तथा मुख्यमन्त्री आचार्यको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा लुम्बिनी प्रदेशका पूर्व मुख्यमन्त्री डिल्ली चौधरी जोग बहादुर महरा, वर्तमान मन्त्रीहरू, संघीय सांसद, प्रदेश सांसद, देशभरका टेलिभिजन सञ्चालकहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

**Temkemaiyung Rural Municipality**
**Office of Rural Municipal Executive**
**Annapurna, Bhojpur**
**Koshi Province, Nepal**

**Tender Cancellation Notice**

(Contract Identification No.:12/BHO/TRM/BLD/081/082 Invitation Date: 2081-12-10)

**Date of Cancellation: 2082-02-18**

Invitation for the Bids for the **Construction of Administrative Building of Temkemaiyung Rural Municipality at Annapurna, Bhojpur (Contract Identification No. 12/BHO/TRM/BLD/081/82)** published in Nepali National Daily Newspaper (मध्यान्ह राष्ट्रिय दैनिक) on 2081-12-10 is hereby cancelled due to various reasons and unavoidable circumstances in Contract Document.

**Chief Administrative Officer**

# मीरा राणालाई प्रेमध्वज प्रधान राष्ट्रिय संगीत सम्मान दिइने



**काठमाडौं/मस-** गायक प्रेमध्वज प्रधानको जन्मजयन्तीको अवसरमा 'गोल्डन भ्वाइस प्रेमध्वज प्रधान स्मृति प्रतिष्ठान'ले नेपाली गीतसङ्गीत क्षेत्रका ४ विशिष्ट व्यक्तित्वलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने घोषणा गरेको छ।

प्रत्येक २ वर्षमा प्रदान गरिने उक्त सम्मान तथा पुरस्कार २७ जेठमा  स्वर्गीय प्रधानकै जन्मथलो सिन्धुपाल्चोकको चौतारामा आयोजना गरिने प्रतिष्ठानकी कोषाध्यक्ष भुवन मास्केले जानकारी दिइन्। उनका अनुसार प्रतिष्ठानका संस्थापक अध्यक्ष तथा गायक प्रधानकी धर्मपत्नी श्रीमती किरण प्रधानको अध्यक्षतामा बसेको कार्यसमितिको बैठकले उक्त निर्णय गरेको हो।

'यस वर्षको सम्मान तथा पुरस्कार गायक प्रधानकै जिल्लामा दिने तयारी छ। उहाँको सम्झनामा गीतसङ्गीतमा आफ्नो जीवन समर्पित गरेकालाई थोरै भए पनि प्रोत्साहन मिलोस् भन्ने उद्देश्यले यो कार्यक्रमलाई अगाडि बढाइरहेका छौं', कोषाध्यक्ष मास्केले भनिन्। यस वर्षको 'प्रेमध्वज प्रधान राष्ट्रिय सङ्गीत सम्मान २०८२' वरिष्ठ गायिका मीरा राणालाई प्रदान गरिने भएको छ। उनलाई सम्मानसँगै एक लाख एक हजार रुपैयाँ नगद राशि प्रदान गरिने छ। त्यसैगरी, 'प्रेमध्वज प्रधान राष्ट्रिय वाद्यसङ्गीत सम्मान २०८२' बाट वरिष्ठ वाद्य सङ्गीत निर्देशक मोहनकृष्ण कार्की ढली र गायक सुरजकुमार थापालाई 'प्रेमध्वज प्रधान राष्ट्रिय युवा सङ्गीत पुरस्कार २०८२' प्रदान गरिने भएको छ। दुवै पुरस्कारको राशि रु ५० हजार एक छ।

यसैगरी, सिन्धुपाल्चोक निवासी प्रतिभावान गायक चन्द्रसिंह घलेलाई 'प्रेमध्वज-किरण प्रधान राष्ट्रिय प्रतिभा सङ्गीत पुरस्कार २०८२' प्रदान गरिनेछ। यस पुरस्कारको राशि रु २५ हजार एक रहेको प्रतिष्ठानकी कोषाध्यक्ष मास्केले जानकारी दिइन्। नेपाली सङ्गीत क्षेत्रमा योगदान पुऱ्याएका स्रष्टालाई सम्मानित गर्दै आएको प्रतिष्ठानले यस वर्ष पनि विभिन्न विधामा योगदान दिने कलाकारलाई छनोट गरी सम्मान गर्न लागेको हो।

# गीतकार भूसालले ल्याए नयाँ २ गीत




**काठमाडौं/मस-**गीतकार एवं नेपाल सरकारका सहसचिव डा. भीष्मकुमार भूसालका नयाँ २ गीत ल्याएका छन्। आफ्नो जन्मदिन एवं गणतन्त्र दिवसको अवसरमा उनले गीतको नयाँ शृंखला सार्वजनिक गरेका हुन्।

उनको रचनाका 'वाचा' 'यो प्रण', 'अब उठ जाग' 'उड्ने चरी' पछि पाचौं शृंखला 'स्वर्ग यहीं लुकेको छ' र छैठौं शृंखला 'थरिथरि पात झरे' थपिएका हुन्। गैरे सुरेशको संगीत रहेको 'स्वर्ग यहीं लुकेको छ' बोलको जागरण गीतमा स्वरूपराज आचार्य, रूपा गुरुङ, अन्जली राई र रमिला मगरले स्वर दिएका छन्।

गीतले नेपाल बनाउने देवदूत अरु कोही हैन, हामी प्रत्येक नेपाली हौं भन्ने वास्तविकतालाई स्वीकार गरेर राष्ट्र निर्माणमा सबैजना जुट्न प्रेरणा दिने बताएको छ।

त्यस्तै रामकृष्ण ढकालको स्वर रहेको र बीबी अनुरागीको एरेन्जमा उत्तम पौडेलले संगीत गरेको 'थरिथरि पात झरे' बोलको गीतले वृद्धावस्थामा हुने मनोदशा प्रस्तुत गर्ने बताइएको छ। यसले ज्येष्ठ नागरिकहरूलाई दुःखी हुन नदिन उनीहरूलाई साथ दिनुपर्ने गहन सन्देश प्रवाह गरेको छ।

# 'नरसिंहा अवतार' प्रदर्शनको दोस्रो हप्तामा



**काठमाडौं/मस-**राजेश हमालको शीर्ष भूमिका रहेको फिल्म 'नरसिंहा अवतार' शुक्रबारदेखि दोस्रो सातामा प्रवेश गरेको छ।

सरकारको आधिकारिक बक्सअफिसमा फिल्मले पहिलो साता १ करोड २२ लाख रुपैयाँ ग्रस कमाइ गरेको छ।

दिवाकर भट्टराई निर्देशित यो फिल्मबाट हमालले ८ वर्षपछि घरेलु फिल्ममा पुनरागमन गरेका हुन्।

हमालसहित यो फिल्ममा राज कटुवाल, सनिशा भट्टराई, प्रशान्त ताम्राकार, उषा खड्गी, सरोज खनाल लगायतको अभिनय छ।

शम्भुजीत बासकोटा र रचना रिमालको स्वर रहेको 'अच्छा लिकिन लण्डनको चिसोले' यतिबेला टिकटक र रिल्समा निकै रुचाइएको गीतमध्ये पर्छ।

निर्माताले फिल्मको पोस्ट-क्रेडिटमार्फत दोस्रो श्रृंखला निर्माणको समेत घोषणा गरेका छन्। दोस्रो श्रृंखलामा पनि हमाललाई देख्न पाइने अपेक्षा छ।

# चलचित्र 'परी'को शुभ मुहुर्त



**काठमाडौं/मस-** गोविन्द गौतमको लेखन तथा निर्देशनमा बन्न लागेको फिल्म 'परी' को शुभ मुहुर्त भएको छ।

काठमाडौंको कमलादीस्थित गणेश मन्दिरमा स्क्रिप्ट पुजाअर्चना गर्दै मुहुर्त गरिएको हो।

मुहुर्तका कार्यक्रममा फिल्मका मुख्य कलाकार किरण केसी, दीपाश्री निरौला, लक्ष्मी गिरी, दीपक अधिकारी, रेणु दुलाल लगायतको उपस्थिति थियो।

मुर्हुत कार्यक्रममा किरण केसीले फिल्मको स्क्रिप्ट पक्ष एकदमै राम्रो लागेर काम गर्न लागेको बताए। दीपाश्री निरौलाले सबैले स्क्रिप्ट पक्षमा मेहनत गर्ने बताइन्। उनले पनि फिल्मको कथा मन परेकै कारण फिल्ममा काम गर्न राजी भएको बताइन्।

फिल्ममा किरण र दीपा बाहेक अन्यमा प्रियंका कार्की, निदेश डिसी, दिग विजय केसी, श्याम राई, घनश्याम गिरी, दीपक अधिकारी, रेणु दुलाल, संगम गौतम, जेशिका पोखरेल, निशा गौतम, अर्नव नागिलाको अभिनय रहने छ।

निर्देशक गौतमले फिल्मको छायांकन २८ या २९ जेठबाट थाल्ने बताए। दोलखा र तनहुँ आसपासमा छायांकनको तयारी थालिएको उनको भनाइ छ।

बाबु श्रेष्ठको छायांकन रहने यस फिल्ममा कविराज गहतराज र रामजी लामिछानेको कोरियोग्राफी छ। फिल्ममा रोशन श्रेष्ठ, संगीत दीपक शर्मा र विकास चौधरीको द्वन्द्व छ। त्यस्तै गायन डाक्टर खेम क्षेत्री, रचना रिमाल र डाक्टर महेन्द्र भट्टको छ। गीत आनन्द अधिकारीको छ। मेकअप सरोज पाण्डे, केश विन्यास, प्रिया कार्कीको रहने यस फिल्ममा प्रोजेक्ट म्यानेजर सुवास काफ्लेको छ। यसको मुख्य सहायक निर्देशकको जिम्मा चन्द्र भण्डारीले लिएका छन्।

# टेलिसिरियल 'दले दाइ' बनाउँदै दीपक शर्मा




**काठमाडौं/मस-**कलाकार दीपक शर्माले टेलिसिरियल 'दले दाइ' निर्माण गर्न लागेका छन्। निर्देशक तथा लेखक शर्माका अनुसार सिरियलले देशमा जुनसुकै काम गर्दा दलालको सहारा लिनुपर्ने बाध्यताको कथा प्रस्तुत गर्छ, जसका कारण धेरै नेपाली विदेशिन बाध्य छन्। यिनै पीडादायक अनुभवहरूमा आधारित कथा सिरियलमा देखाइनेछ।

शर्माका अनुसार टेलिसिरियलको पहिलो चरणको छायांकन भएको छ र अब दशैंभित्र यूट्युब मार्फत सार्वजनिक गर्ने तयारी भइरहेको छ। सिरियलमा श्रीप्रसाद थापा, मुकुन्द मैनाली, दीपक शर्मा, विश्वमणि घिमिरे, आशा भुषाल, स्वस्तिका लामिछाने, कैलाश अधिकारी कैलु, शिवकुमार महत, ज्ञानेन्द्र अमगाई, सुमन बोहरा, अनुश भण्डारी, शिशिर गौडेल, मिलन शर्मा र राजु खनालले अभिनय गरेका छन्। दले दाइ अमलाचौर मिडिया नेटवर्कले निर्माण गरेको हो।

टेलिसिरियलका निर्देशक, लेखक तथा निर्माता स्वयं दीपक शर्मा हुन् भने निर्देशन सल्लाहकारको भूमिकामा वरिष्ठ कलाकार विश्वमणि घिमिरे छन्। छायांकन राहुल राईले, श्रृंगार गीताञ्जली योगीले, प्रकाश व्यवस्थापन विष्णु श्रेष्ठले र सम्पादन दिवाकर चौधरीले गरेका छन्। शीर्ष संगीत सरु पौडेलको छ। दले दाइ टेलिसिरियल मार्फत नेपाली समाजमा व्याप्त दलाली प्रथाको यथार्थ चित्रण प्रस्तुत गर्ने प्रयास गरिएको छ।

# नेपाल-अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा ३१ फिल्म प्रदर्शन हुने




**काठमाडौं/मस-** अमेरिकाको मेरिल्यान्डमा प्रत्येक वर्ष आयोजना हुँदै आएको 'नेपाल-अमेरिका अन्तर र्राष्ट्रिय चलचित्र महोत्सव २०२५' मा ३१ वटा फिल्म प्रदर्शन हुने भएको छ।

गत वर्ष बर्लिन फिल्म फेस्टिभलको मुख्य प्रतिस्पर्धा रहेको मीनबहादुर भामद्वारा निर्देशित 'शाम्बाला', गत वर्षकै भेनिस फिल्म फेस्टिभलमा प्रिमियर भएको दीपक रौनियार निर्देशित 'पूजा सर (राजागंज)' र अमेरिकाको नेपाली डायस्पोरामा बनेको विनोद पौडेल निर्देशित 'भुठानः द वर्ल्ड हापिस्ट म्यान' लगायतका फिल्म महोत्सवमा प्रदर्शन हुनेछन्।

२६ जुनदेखि २९सम्म हुने महोत्सवमा नेपाल, अमेरिका, इरान, मेक्सिको, साउदी लगायत १५ देशका फिचर फिल्म, वृत्तचित्र, छोटा चलचित्र र एनिमेसन गरी ३१ फिल्म प्रदर्शन हुनेछन्।

महोत्सवको उद्घाटन र समापन मेरिल्यान्डस्थित एएफआई सिल्भर थिएटरमा हुनेछ। ४ दिनसम्म चल्ने महोत्सवका फिल्म एएफआई सिल्भर थिएटरका साथै ग्रिनबेल्ट सिनेमा थिएटरमा समेत प्रदर्शन हुने जनाइएको छ।

फिल्म 'शाम्बाला'को प्रदर्शनबाट एएफआई सिल्भर थिएटरमा २६ जुनमा महोत्सवको उद्घाटन हुनेछ।

**काठ/ दाउरा लिलाम बिक्री वितरण २१ दिने सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/२/१८ गते**

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा न ५ मा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर उत्पादन भई सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको सालको ३८ थान गोलिया २८४.८८ क्युफिट ,अस्नाको २३ थान गोलिया ४६१.४३क्यु फिट जम्मा काठ ६१ थान गोलिया  ७४६.३१ क्यु फिट काठ र मिश्रित दाउरा १ चट्टा दाउरा  जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, सघंसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री मटयारी सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी नगरपालिका  वडा ५  कैलाली**

**Government of SudurPaschim Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Bajhang**

**Letter of Intent**

**Date: 2082/02/18**

This is to notify all the concerned bidders in accordance with clause 27  & 47 of PPA, 2063 and the instruction to bidders that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is here by selected as lowest evaluated substantially responsive bid.

| Contract Identification No. | Name of Bidder | Bid Price (Including VAT & PS) |
|---|---|---|
| IDOBAJHANG/ W/R/NCB/081-82/27 | Tamang Nirman Sewa, Bajhang | 62,67,370.00 |

**Office Chief, IDO Bajhang**

**टेम्केमैयुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**अन्नपूर्ण, भोजपुर**
**कोशी प्रदेश, नेपाल**

**क्याटलग सपिङ्ग विधिबाट चार पाङ्गे सवारी साधन खरिद सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८२/०२/१८**

सार्वजानिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) बमोजिम उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरुबीच प्रतिस्पर्धाको आधारमा (क्याटलग सपिङ्ग) विधिबाट टेम्केमैयुङ गाउँपालिका लागि **4WD Double Cab Pick Up (Not less than 2100 CC)** १ थान चार पाङ्ग्रे सवारी साधन खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजतपत्र प्राप्त इच्छुक उत्पादक कम्पनीले वा सोको आधिकारिक बिक्रेताहरुले आफ्नो कम्पनी/फर्म दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, लेटर अफ अथोराइजेशन (आधिकारिक प्रमाणपत्र) र आ.व २०८०/८१ को कर चुक्ता प्रमाणपत्र लगायतका कागजातहरुको प्रतिलिपिहरु समावेश गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार सवारी साधनको स्पेसिफिकेशन, गुणस्तर, आधिकारिक मूल्य र सुविधा सहितको विवरण खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले 7 दिन भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन सम्वन्धित उत्पादक कम्पनी वा आधिकारिक बिक्रेताहरुका जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि यस कार्यलयको  Website: tyamkemaiyummun.gov.np हेर्न हुन वा यस कार्यालयको आन्तरिक नियन्त्रण तथा जिन्सी शाखामा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# यू-१६ त्रिकेटका लागि लुम्बिनी र कर्णाली टिमको घोषणा

**रुपन्देही/मस**-समीर अलि मुसलमानको कप्तानीमा यू-१६ राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताका लागि लुम्बिनी प्रदेशस्तरीय टिम घोषणा गरिएको छ । यसैगरी कर्णाली प्रदेश क्रिकेट संघले पनि विपिनप्रसाद शर्माको कप्तानीमा कर्णाली प्रदेशस्तरीय टोली घोषणा गरेको छ ।

कर्णाली प्रदेशको सुर्खेतस्थित कालुनचोक क्रिकेट मैदान र वीरेन्द्रनगर क्रिकेट मैदानमा १९ जेठदेखि ३१ गतेसम्म यू-१६ राष्ट्रिय क्रिकेट प्रतियोगिता हुनेछ । प्रतियोगिताका लागि उनीसहित रोजन कुमाल, रौनक श्रीवास्तव, सिद्धार्थ ढकाल, केशव विष्ट, लक्ष्मण कुमाल, शुभव खनाल, प्रिन्स पाल, चन्द्र थापा, दिव्यांश वर्मा, प्रेमसागर यादव, शोएब हसन मुसल्मान, दक्ष ठाकुर र आरिफ खान छनोट भएका छन् ।

यस्तै, टिममा करण घर्ती मगर, आदित्य ढकाल, तुषार चौहान र दिवश अर्याललाई रिजर्भ खेलाडीका रुपमा राखिएको छ । प्रदेशको टिम कोचमा सञ्जु क्षेत्री र टिम म्यानेजरमा सिद्धार्थ श्रेष्ठ छन् । संघका प्रदेश सदस्य प्रथम पराजुलीले एक हप्तासम्म रुपन्देहीमा संचालित प्रदेशस्तरीय छनोट खेलमा उत्कृष्ट प्रदर्शन गरेका खेलाडीलाई समावेश गरी लुम्बिनीको टिम बनाइएको बताए । मुसलमान प्रदेशस्तरीय यू-१६ क्रिकेट छनोट खेलमा रुपन्देहीको टिमको समेत कप्तान थिए । छनोट खेलमा उनले एक शतक प्रहार गर्नुका साथै सबैजसो खेलमा उत्कृष्ट प्रदर्शन गरेका थिए ।

राष्ट्रिय प्रतियोगिताका लागि लुम्बिनी प्रदेशस्तरीय टिम छनोट गर्न यु-१६ प्रदेशस्तरीय छनोट प्रतियोगिता सुरु हुँदैछ । भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदान र तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा प्रदेशस्तरीय छनोट खेल हुँदैछ । प्रदेशस्तरीय छनोट खेलमा ७ जिल्लामा टिम सहभागी हुँदैछन् ।

यस्तै कर्णाली प्रदेश त्रिकेट संघले युवा स्टार विपिनप्रसाद शर्माको कप्तानीमा कर्णाली प्रदेश यु-१६ क्रिकेट टोली घोषणा गरेको छ । यु-१६ राष्ट्रिय क्रिकेट प्रतियोगिताको लागि शर्माको कप्तानीमा १६ सदस्यीय टोली घोषणा गरिएको हो । १६ सदस्ययि टोलीमा कप्तान शर्मा, नवीन न्यौपाने, भुपेन्द्रजङ्ग शाही, कस्तुप खड्का, अफराज आलम, कुन्जन आचार्य, रोशन शाही, कैलाश खड्का, विजय बोहरा, नेत्रविक्रम खत्री, विजय शाही, यकेन्द्र बुढा, निश्चल हमाल, युवराज थापा, नमनसिंह थापा र कुशल डाँगी छन् । कप्तान शर्मा नेपाल प्रिमियर लिग (एनपीएल)बाट उदायका युवा हुन् । उनी एनपीएलमा 'इमर्जिङ प्लेयर अफ द टुर्नामेन्ट' घोषित भएका थिए ।

सन् २०२५ मा हुने एसीसी मेन्स यू-१६ इस्ट जोन कप २०२५ क्रिकेट प्रतियोगितालाई मध्यनजर गर्दै नेपालको राष्ट्रिय टिम निर्माणका लागि यो प्रतियोगिताका आयोजना गरिएको हो ।

# २२ जेठदेखि जुनियर विद्यालय खेलकुद

**काठमाडौं/मस** -यू-१४ विद्यालय खेलकुद प्रतियोगिता २२ जेठदेखि काठमाडौंमा हुँदैछ। राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा हुने प्रतियोगिता २६ जेठसम्म जारी रहनेछ ।

बालबालिकाको खेल प्रतिभाको खोजी गर्ने उद्देश्यबाट हुन लागेको प्रतियोगितामा विभिन्न ६ खेल समावेश गरिएको प्रतियोगिता विभाग प्रमुख मीनकुमार शर्माले जानकारी दिए ।

एथलेटिक्स, टेबलटेनिस, बास्केटबल, रग्बी, ब्याडमिन्टनका छात्र/छात्रा र त्रिकेटमा छात्रको मात्र खेल हुनेछ । प्रतियोगितामा एथलेटिक्स र रग्बीका खेल २२ र २३ जेठमा दशरथ रंगशालामा हुनेछ ।

सोही मितिमा ब्याडमिन्टन देवीनगर हल बानेश्वर, टेबलटेनिस लैनचौर र बास्केटबल राखेप कभर्डहल त्रिपुरेश्वरमा सञ्चालन गरिनेछ । छात्र क्रिकेट भने २२ देखि २६ जेठसम्म मूलपानी क्रिकेट मैदानमा हुनेछ ।

एथलेटिक्सको ट्र्याकतर्फ १००, २००, ४०० र ८०० तथा ४ गुणा १०० मिटर रिले दौड र लङजम्पमा प्रतिस्पर्धा हुने छन् । टेबलटेनिस र ब्याडमिन्टनमा छात्र/छात्रा सिंगल तथा डबल्सका प्रतिस्पर्धा हुनेछ । बास्केटबल छात्र/छात्र थ्री वाई थ्री तथा रग्बीको छात्र/छात्राको स्पर्धा हुनेछ ।

# क्रिकेटर बम गृहनगरमा सम्मानित



**डोटी/मस**-क्रिकेटर लोकेश बम गृहजिल्ला डोटीमा नगदसहित सम्मानित भएका छन् । डोटीको बोगटान फुड्सिल गाउँपालिकाले क्रिकेट खेलाडी बमलाई सम्मान गरेको हो । समृद्ध बोगटान अभियानअन्तर्गत गाउँपालिकाले आयोजना गरेको 'मातृभूमि महोत्सव' कार्यक्रममा बमलाई नगद १ लाख ११ हजार ११ रुपैयाँसहित सम्मान गरिएको गाउँपालिकाका अध्यक्ष कमलबहादुर गड्सिलाले जानकारी दिए । क्रिकेटमार्फत बोगटान फुड्सिल गाउँपालिकालाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन बमले महत्त्वपूर्ण भूमिका खेलेकाले प्रोत्साहनस्वरूप नगदसहित सम्मान गरिएको अध्यक्ष गड्सिलाले बताए ।

सम्मान ग्रहण गर्दै क्रिकेटर बमले पालिकाको मायाले आफू उत्साहित भएको प्रतिक्रिया दिए । डोटीको दुर्गम मानिने बोगटान फुड्सिल गाउँपालिका-२ जन्म घर भएका बमले थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल खेलेका छन् ।

धनगढी क्रिकेट एकेडेमीबाट हुर्किएका लोकेशले नेपालको यू-१९ टोली, घरेलु क्रिकेट हुँदै सिनियरबाट खेलिसकेका छन् ।

# शारीरिक सुगठन प्रतियोगिता हुने



**काठमाडौं/मस**-प्रज्ञा स्मृति प्रथम महिला तथा पुरुष राष्ट्रिय खुला शारीरिक सुगठन प्रतियोगिता २४ जेठमा काठमाडौंमा आयोजना हुने भएको छ । स्वर्गीय प्रकाश दाहाल र स्वर्गीय ज्ञानु दाहालको स्मृतिमा स्थापना गरिएको प्रज्ञा स्मृति प्रतिष्ठानले शनिबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै २४ जेठमा नेपाल पुलिस क्लब भृकुटी मण्डपमा प्रज्ञा स्मृति प्रथम महिला तथा पुरुष राष्ट्रिय खुला शारीरिक सुगठन प्रतियोगिता आयोजना गर्न लागेको जनाएको हो । प्रतियोगितामा पुरुषतर्फ ५ वटा वजन समूह अन्तर्गतका खेल हुनेछन्, जसअनुसार पुरुष तर्फ ६०, ६५, ७०, ७५ तथा ७५ केजी भन्दा माथिका समूह र महिलातर्फ खुला प्रतिस्पर्धा हुने प्रतिष्ठानकी निर्देशक गंगा दाहालले जानकारी दिए ।

पुरुषतर्फ वजन समूहतर्फ प्रथम, द्वितीय, तृतीय, चौथो र पाँचौ हुने खेलाडीहरुलाई क्रमशः ५० हजार, ४० हजार, ३० हजार, २० हजार र १० हजार नगदसहित मेडल ट्रफी र प्रमाणपत्र दिइने उनले बताए ।


## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, कोहलपुर शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

( प्रकाशित मिति : २०८२/०२/१८ गते )

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्व सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

**ऋणीहरूको नाम र ठेगाना :**

१. प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोत्ता हित सरंक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बाँकेमा प्रा.फ. दर्ता नं. ९८३७-११-२०७८/७९ कायम भई मिति २०७८/०५/०९ मा दर्ता भएको बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ०८ स्थित **देव कटेज एण्ड रेष्टुरेन्ट** ।

२. दल बहादुर खत्रीको छोरी, पवन देव पुरीको पत्नी, बर्दिया जिल्ला, ढोडरी गा.वि.स./उ.म.न.पा. वडा नं. ०९ बस्ने **पार्वती खत्री..... १** र कर्ण देव पुरीको नाती, जिवेन्द्र देव पुरीको छोरा, बर्दिया जिल्ला, ढोडरी गा.वि.स./उ.म.न.पा. वडा नं. ०९ बस्ने **पवन देव पुरी..... १** समेत जना - २ ।

**ऋणी १ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :**

१. कर्ण देव पुरीको नाति, जिवेन्द्र देव पुरीको छोरा, बर्दिया जिल्ला, ढोढरी गा.वि.स./उ.म.न.पा. वडा नं. ०९ बस्ने **पवन देव पुरी** ।

२. दल बहादुर खत्रीकी छोरी, पवन देव पुरीको श्रीमती, बर्दिया जिल्ला, ढोढरी गा.वि.स./उ.म.न.पा. वडा नं. ०९ बस्ने **पार्वती खत्री** ।

**ऋणी १ र २ को धितो सुरक्षणको विवरण :**

**पार्वती खत्री**को नाममा मालपोत कार्यालय नेपालगंज बाँकेमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला, शम्सेरगञ्ज गा.वि.स/न.पा. वडा नं. ७ स्थित नक्सा सिट नं. ०३५१०९३ को कित्ता नं. ५४० को क्षेत्रफल १५२.३७ ब.मी रहेको जग्गा र सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

**ऋणी १ को धितो सुरक्षणको विवरण :**

**पवन देव पुरी**को नाममा मालपोत कार्यालय नेपालगन्ज बाँकेमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला, चटार गा.वि.स/न.पा. वडा नं. ८ स्थित नक्सा सिट नं. ८ ख को कित्ता नं. २२२६ को क्षेत्रफल ०-०-१० (बि.क.धु) रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## Nepal Electricity Authority

**Notice Regarding Intent to Accept the Bid**

Notice Publication Date : 2082/02/18

| Name & Address of Office | IFB and Type of Bidding | Name & Address of Lowest Evaluated Substantially Responsive Bidder | Approval Amount With VAT |
|---|---|---|---|
| Birgunj Distribution Center, Parsa Ph.no.- 051-521050/534291 | NEA/BDC-2081/082-T-03 (Re) | M/S Manisha Construction Birgunj- 18 | NRs. 26,48,268.00 |
| | NEA/BDC-2081/082-T-04 (Re) | | NRs. 21,01,302.80 |
| | NEA/BDC-2081/082-T-05 (Re) | | NRs. 22,62,282.60 |



## काठ/दाउरा लिलाम बिक्रीवितरण २१ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/२/१८ गते**

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा न १ मा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर उत्पादन भई सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको खयरको १०१ थान गोलिया २२०.२२ क्युफिट, सिसौ ८ थान गोलिया २६.१६क्यु फिट, जामुनको ७ थान गोलिया ४४.१० क्यु .फिट जम्मा ११६ थान गोलिया २९१.१८ क्यु फिट काठ र मिश्रित दाउरा २ चट्टा दाउरा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, सघंसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री ज्वाला सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी नगरपालिका वडा १ कैलाली**



## नेपाल विद्युत प्राधिकरण
मधेश प्रादेशिक कार्यालय, जनकपुर

**शिलबन्दी दरभाउपत्र/बोलपत्र रद्द सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति २०८२/०२/१८)

| Tender/SQ No. | Description of Works |
|---|---|
| NEA/MPOJ/2081/082-PSC-EL02 | Supply and Delivery of PSC Pole. |

Please visit official website of PPMO (www.bolpatra.gov.np/egp) for more details.



## कुवेतमा रोजगार
कम्पनी: FARESCO FOR CONSUMER ORDERS DELIVERY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०२/१६ — चलानी नं.: ६०२३८७६१ — LT. No.: 324832

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 13 | 0 | स. काममा दक्ष | 135 | ६०,११८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २५ गते (8 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SRK ओभरसिज नेपाल प्रा. लि. साबिकको नाम (SRK नेपाल प्रा. लि) Govt. Lic. No. 1156/073/074
सामाखुसी चोक टोखा १०, ज्ञान संसार स्कूलको अगाडी, फोन: ०१४९६३४०३, ०१४९५७६८३, ९८०१८९४४३३, ९८१८६५८०९८
उक्त Notice २०८२/०२/१७ गते प्रकाशित हुनुपर्नेमा छुटन गएकोले २०८२/०२/१८ गतेकोमा प्रकाशित गरिएको छ ।



## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारवाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **क्यापिटल इन्टरनेशनल म्यानपावर प्रा. लि.** (इजाजत पत्र नं. ५४३/०६१/०६२) मा निम्न कर्मचारी मिति २०८२ जेष्ठ १६ देखि यस कार्यालयमा कार्यरत नरहेको सम्वन्धित सवैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा. लि.को नाममा वैदेशिक रोजगार सम्वन्धी कुनै पनि आर्थिक कारोवार नगर्न/नगराउन हुन यसै सार्वजनिक सूचनाद्धारा सम्वन्धित सवैमा जानकारी गराईन्छ । यदि यसो गरे गराएमा यस प्रा. लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिन भित्र यस प्रा. लि.मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम, थर | पद | नागरिकता नं. | ठेगाना |
|---|---|---|---|---|
| १. | निसान गुरुङ | रिसेप्सनिष्ट | ३५-०१-७४-०६८९३ | चितवन जिल्ला, भ.न.पा. भरतपुर-२० |

क्यापिटल इन्टरनेशनल म्यानपावर प्रा. लि. श्रम इजाजत नं: ५४३/०६१/०६२
बसुन्धारा-०९, काठमाडौ, फोन: ०१-४५५९७७२, ४९८४१९०, ४९८४१९१
देवी प्रसाद अधिकारी ९८५१०९९३००, Email: capital2004@yahoo.com
" Real Happiness Lies in Making Other Happy"



## कुवेतमा रोजगार
कम्पनी: RITZ CENTRAL LAUNDRY COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०२/१६ — चलानी नं.: ६०२३८७२० — LT. No.: 324528

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fresh Light Driver | 5 | 0 | स. काममा दक्ष | 150 | ६६,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २५ गते (8 June 2025) मा हुनेछ ।

Note:
१. Kuwait Return लाई प्राथमिकता हुनेछ ।
२. Five Star Hotel मा Housekeeping (Female) को पनि माग तुरुन्तै आउँदैछ जान ईच्छुक व्यक्तिहरुले नि:शुल्क परामर्शको लागि मेनपावर कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

True Human Resource Pvt. Ltd.
Tel: 01-5911977, 5911978, Mobile : 9822797702, 9822797705, 9822797707
Email : info@thrnepal.com, thrnepal22@gmail.com, Shambhu Marg, Kathmandu, Manpower Bazar, Near Airport Gate.
श्रम इजाजत नं. १६०७/०७९/०८०



## मलेसियामा रोजगार
कम्पनी: KAWALAN MEGA SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०२/१६ — चलानी नं.: ६०२३८७८५ — LT. No.: 324766

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1700 | ५४,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २५ गते (8 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

"One Team, One Dream"
BIGYAN HR MANAGEMENT PVT. LTD. Govt Lic No. 1503/074/075
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Nepal, Tel: 01- 4422477, 01- 4423477, Fax: 4423477
Email: managementbigyanhr@gmail.com, Website: www.bigyanhr.com



## साउदीमा रोजगार
कम्पनी: Al Bastaa Foodstuff Grocery — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८२/०२/१६ — चलानी नं.: ६०२३८७७३ — L.T. No.: 324831

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GROCERY STORE WORKERS | 1 | 0 | स. काममा दक्ष | 1200 | ४३,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २५ गते (8 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

फ्यूचर माईन्डस् प्रा. लि. श्रम ईजाजत नं. १०२८/०६८/०६९
एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ४१११०४४, फ्याक्स : ४१११०४४
E-mail : info@futureminds.com.np, futuremindshr@gmail.com, www.futureminds.com.np



## यूएईमा रोजगार
कम्पनी: CITI CARE TECHNICAL & CLEANING SERVICES L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०२/१६ — चलानी नं.: ६०२३८७८८ — LT. No.:324759

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning | 3 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaning Workers | 1 | 0 | | 800 | २९,७६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २५ गते (8 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

GSHR — श्रम इजाजत नं. १५८४/०७९/०८०
GAURISHANKAR H. R. SOLUTIONS PRIVATE LIMITED
Sinamangal, Kathmandu, Nepal. Tel : 5916185, 5917185. Mobile No: 9823238185.
E-mail: info@gshr.com.np, Website: www.gshr.com.np



## कतारमा रोजगार
कम्पनी: ZEAL-IT TRADING AND CONTRACTING — शहर: Qatar
पूर्व स्वीकृत मिति: २०८२/०२/१६ — चलानी नं.: ६०२३८७७४ — LT. No.:324879

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४१,२३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 20 | 0 | | 1100 | ४१,२३९ | | | | | | | |
| 3. | Helper | 10 | 0 | | 1000 | ३७,४९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २५ गते (8 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MARS MANPOWER SERVICES PVT. LTD.
Ward No 4, Bishalnagar, Kathmandu, Nepal., Tel. No.: 014547013
Mobile No.: 9767268940, 9826776133, 9823475442, 9704825105, 9808726630
Web.: www.marsmanpowerservices.com | Email: info@marsmanpowerservices.com
Gov. Lic No. 1471/074/075



नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
## संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय
धनुषा, जनकपुरधाम

**निर्माण कार्यमा ढिलासुस्ती बारे अत्यन्त जरुरी सूचना**

सूचना प्रकाशित मितिः २०८२/०२/१८

तपसिलमा उल्लेखित निर्माण व्यवसायीहरुले यस कार्यालयसँग विभिन्न मितिमा निम्नानुसारको निर्माण कार्य सम्पन्न गर्ने सम्झौता गरेता पनि तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न गर्ने प्रयास नगरेको हुँदा निर्माण कार्य सम्पन्न गर्नका लागि यस अघि पटक पटक लिखित तथा मौखिक निर्देशन मार्फत आग्रह गर्दा समेत लामो समयसम्म निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौता बमोजिम ठेक्का किन नतोड्ने? ठेक्का नतोड्नुपर्ने कुनै मनासिव कारण भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सम्झौता बमोजिमको निर्माण कार्य सूचारु गरी तत्काल सम्पन्न गर्न सक्ने विश्वसनीय आधार सहित यस कार्यालयमा उपस्थित भई स्पष्टीकरण पेश गर्न हुन जानकारी गराईन्छ । अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानी ठेक्का सम्झौता शर्त, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक नियमावली, २०६४ बमोजिम ठेक्का सम्झौता रद्द गरी कानूनी कारवाहीको प्रकृया अगाडि बढाईने व्यहोरा जानकारी गराईन्छ ।

तपसिल

| क्र. सं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | कैफियत |
|---|---|---|---|---|---|
| 1 | FPIU/Dhanusha/Works/NCB/24-077/078 | ईश्वरपुर नयाँ सहरमा डिपिआर तयार गरी २ वटा पूर्वाधार निर्माण कार्य संचालन गर्ने। | नागार्जुन-हेम-कन्स्ट्रक्सन जे.भी., जनकपुरधाम-४ | २०७८/०२/३० | |
| 2 | FPIU/Dhanusha/Works/NCB/27-077/078 | प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला, धनुषा | बाँनिया-सुगम जे.भी., जनकपुरधाम-१४ | २०७८/०७/१० | |

कार्यालय प्रमुख

# ‘बजेटले निजी क्षेत्रलाई आशावादी बनाएको छ’



**कमलेश अग्रवाल**
**अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स**

सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को ल्याएको बजेटबाट निजी क्षेत्र उत्साहित भएका छन् । निजी क्षेत्रले राख्दै आएका मागलाई बजेटले सम्बोधन गरेको भन्दै उनीहरूले बजेट कार्यान्वयनमा जोड दिनुपर्ने बताएका छन् । स्रोतको सुनिश्चितामा प्रश्न उठेको भएपनि बजेटमा व्यवसायमैत्री नीतिको कारण उद्यमीहरूले खुलेर समर्थन गरेको जनाएका छन् । के सरकारले ल्याएको बजेट प्रति निजी क्षेत्रको धारणा र बजेटले आर्थिक मन्दीलाई हटाउन सक्छ ? प्रस्तुत छ, बजेटसँग सम्बन्धित विषयमा मध्यान्हका छबि सापकोटाले नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालसँग गरेको कुराकानी ।

**आर्थिक वर्ष २०८२/८३ को बजेटलाई निजी क्षेत्रले कसरी लिएको छ ?**

२०८२/८३ को बजेट सन्तुलित रूपमा आएको निजी क्षेत्रको बुझाई छ । बजेट अघि निजी क्षेत्रले दिएको अधिकांश सुझावलाई समेटिएको छ । यो अत्यन्त विषम परिस्थितिमा आएको बजेट पनि हो । एका तिर निजी क्षेत्र आर्थिक शिथिलतामा गुज्रिरहेको छ भने अर्को तर्फ सरकारको दायित्वहरू बढ्दो क्रममा छ । यस्तो समयमा आएको बजेटले देशको वर्तमान आर्थिक समस्याको समाधानमा प्राथमिकता देखाएको छ । व्यवसायीलाई प्रोत्साहन गर्ने, व्यापार सहजीकरण गर्ने, औद्योगिक लगानी प्रवर्द्धन गर्ने दिशातर्फ बजेट केन्द्रित नै देखिन्छ ।

विगतमा जस्तो सरकारले नसक्ने योजना नगर्ने स्पष्ट नीति देखिएको छ । आईटी र पर्यटन प्राथमिकता राखेको छ । सरकारले डिजिटल भुक्तानीमा लाग्दै आएको कर भ्याट हटाएको छ । युवालाई विदेश जानबाट रोक्न प्रयास स्वरुप ३ प्रतिशत ब्याजदरमा सहुलियत कर्जा उपलब्ध गराउने नीतिले नेपालमै काम गर्ने वातावरण बनाएको छ । डिजिटल बैंक स्थापना, विदेशमा लगानी खुल्ला, होटल तथा उद्योगमा कर सम्बन्धी समस्या समाधान, पुर्वाधारको विकासमा जोड दिँदा त्यसको फाइदा निजी क्षेत्रले लिन सक्ने अवस्था छ ।

धार्मिक र सांस्कृतिक पर्यटन, साहसिक पर्यटन प्रवर्द्धनका कार्यक्रमले पर्यटन क्षेत्रलाई माथि उठाउने सम्भावना देखिएको छ । तर, हवाई टिकटमा भने भ्याट हटाएको छैन त्यसलाई हटाउनु पर्ने थियो । जग्गा प्राप्तिको हदबन्दी, उद्योग व्यवसाय, कृषिको व्यवसायीकरण र हाउजिङ अपार्टमेन्टमा ल्याइएको नीति लगायतका कारण निजी क्षेत्र बजेटप्रति बढी सकारात्मक देखिएको हो ।

नेपालको गुणस्तर चिन्ह एनएसलाई अन्तर्राष्ट्रिय स्तरमा मान्यता दिनेगरी कुटनीतिक पहल गर्ने बजेटमा उल्लेख छ । यसलाई छिटो कार्यान्वयन गर्न आवश्यक छ । नेपालको एनसएले मान्यता पाउँदा अहिले निर्यातमा निजी क्षेत्रले भोगिरहेको समस्या समाधान हुन सक्छ । एनएसले मान्यता प्राप्त गर्दा नेपालको निर्यात समेत बढ्छ । सम्रग रूपमा हेर्दा बजेटका नीति तथा कार्यक्रम निर्जी क्षेत्रले माग गरेअनुसार आएका छन् ।

**बजेट कार्यान्वयनमा कत्तिको चुनौती देख्नुहुन्छ ?**

बजेट कार्यान्वयनका लागि स्रोतको सुनिश्चिताका बारेमा भने केही चुनौतीपूर्ण देखिन्छ । १३ खर्ब १५ अर्ब राजस्व उठाउने लक्ष्य राखिएको छ । राजस्वमा राखिएको लक्ष्य आर्थिक गतिविधिमा विस्तार भएन भने समस्या आउने देखिन्छ । त्यसले समग्र बजेटलाई नै असर गर्छ । आर्थिक गतिविधि विस्तार गर्नका लागि बजेटमा आएको नीति नियम यथाशिघ्र कार्यान्वयनमा लैजानु अबको आवश्यकता हो ।

आन्तरिक ऋणको जुन लक्ष्य छ त्यसले अर्थतन्त्रमा चाप पर्ने देखिन्छ । बजेटमा बैदेशिक ऋण र अनुदानको जुन लक्ष्य राखिएको छ अहिलेको भूराजनीतिक अवस्थाको कारण ठूला राष्ट्रहरूले सहयोगको राशी कटौती गरेको हुनाले बजेटको लक्ष्यमा चाप पर्ने देखिन्छ । यस्तै, ट्यारिफ वारले विश्वमा नै हलचल आइरहेको अवस्थामा सरकारले लिएको वैदेशिक ऋण र अनुदानको लक्ष्य पनि चुनौतीपूर्ण देखिन्छ । त्यसैले बजेट सन्तुलित हुँदाहुँदै पनि कार्यान्वयन धेरै नै चुनौतीपूर्णको अवस्थामा रहेको हामीले महसुस गरेका छौं ।

**स्रोत सुनिश्चितका नहुँदा त्यसको असर निजी क्षेत्रलाई पर्ने सम्भवना कति देख्नुहुन्छ ?**

अहिले बजेटमा धेरै प्रावधानहरू आएका छन् त्यसले आर्थिक गतिविधि विस्तार गर्न सहज गर्नेछ । अलिकति आर्थिक गतिविधि विस्तार भयो भने बजेटले राजस्वमा लिएको लक्ष्य प्राप्त गर्न गाह्रो छैन । बजेटले ६ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य राखेको छ । यसको लागि अब वित्त नीति र मौद्रिक नीतिमा सहजीकरण हुन आवश्यक छ ।

नयाँ संविधान जारी भएपछि लगातार तीन वर्ष ७ प्रतिशत भन्दा बढी आर्थिक वृद्धि भएको थियो । निजी क्षेत्र नै अगाडि आउँदा आर्थिक वृद्धि हासिल भएको अवस्था थियो । अहिले किन आर्थिक शिथिलता हुन गयो भन्दा नीतिगत कारणले गर्दा हो । अहिले बजेटले धेरै नीतिगत व्यवस्थालाई समाधान गर्न नीतिगत स्थायित्व, व्यापार सहजीकरण, लगानी प्रवर्द्धन गर्ने नीति लिएको कारणले बजेट कार्यान्वयनमा जाने वित्तिकै निजी क्षेत्रलाई केही असर गर्दैन ।

**करका दरलाई व्यवसायीले कसरी हेरेका छन् ?**

करका दर धेरै वस्तुमा यथावत नै देखिन्छ । करका दरमा धेरै ठूलो आमुल परिवर्तन देखिएको छैन । भन्सारमा अग्रिम आयकर हटाइएको छ । त्यसले धेरै असहजीकरण गरेको थियो । लामो समयदेखिको निजी क्षेत्रको माग मूल्य अभिवृद्धिकरलाई बहुदरमा ल्याउने भन्ने थियो । अहिलेसम्म सरकारले सम्वोधन गरेको थिएन यसपटक बहुदर ल्याउन अध्ययन गरिने भन्ने आएको छ ।

औद्योगिक लगानी प्रवर्द्धनको लागि जग्गाको हदबन्दी, एकद्वार प्रणालीबाट कम्पनी दर्ता गर्ने व्यवस्था राखिएका छन् । त्यसले व्यापार सहजीकरण र औद्योगिक लगानीमा मद्दत गर्ने देखिन्छ । यस्तै विदेशी लगानीको लागि सहज आगमन, सहज रूपमा बाहिरिने अवस्था र सहजरूपमा नाफा लैजाने व्यवस्था बनाईएको छ । अहिलेसम्म सहज आगमन त थियो, सहजरुपमा बाहिरिने र सहजरूपमा नाफा लैजाने अवस्था थिएन तर, अहिले बजेटले सो विषयलाई सम्बोधन गरेको छ ।

स्वदेशी लगानीले मात्र अब अर्थतन्त्र माथि उठ्दैन । त्यसैले लगानीको वातावरण बनाउन आवश्यक छ । कार्यान्वयन हुन सक्यो भने अहिलेसम्मकै ऐतिहासिक बजेट रुपमा आएको छ । अब वित्त नीतिले मात्र पुग्दैन, मौद्रिक नीतिले पनि सहजीकरण गर्नुपर्छ ।

**बजेटले स्टार्टअपको क्षेत्रलाई कत्तिको सम्वोधन गर्‍यो ?**

बजेटले स्टार्टअप व्यवसायलाई समेत प्राथमिकता नै राखेको जस्तो छ । नेपालको आर्थिक समृद्धिको लागि दुईवटा कुरा छ । एउटा हामीसँग भएको प्राकृतिक स्रोत र अर्को युवा जनशक्ति नै हो । प्राकृतिक स्रोत सदुपयोगको लागि बजेटले मार्ग खोलिदिएको छ । युवाशक्तिलाई विदेश जान रोकेर प्राकृतिक स्रोतलाई सदुपयोग गर्ने हो भने यसले राम्रो प्रतिफल दिन्छ ।

तर, त्यसको लागि स्वदेशी र विदेशी लगानीको आवश्यकता छ । स्वदेशी लगानी बढ्न नसकेको भनेको आर्थिक शिथिलता र चालु पुँजी कर्जा निर्देशिकाले निजी क्षेत्रको लगानी प्रोत्साहित भइरहेको थिएन । नेपाल राष्ट्र बैंकका गर्भनर डा. विश्व पौडेलले समेत नियम भन्दा सुपरिवेक्षणमा देखाएको प्रतिबद्धताले समेत अर्थतन्त्र माथि आउने देखिन्छ ।

तीन वर्षदेखि नीतिगत संकुचनको कारणले आर्थिक वृद्धि रोकिएको थियो तर, अहिले बजेटले केही सम्बोधन गर्ने काम गरेको छ । पुँजीगत खर्चलाई साउनदेखि नै टाइमलाईनमा राखेर काम गर्नुपर्छ । पुँजीगत खर्च हुँदा आर्थिक गतिविधि बढाउछ । निर्माण क्षेत्र अगाडि बढ्दा निर्माण क्षेत्रसँग सम्बन्धित उद्योगको उत्पादन बढ्छ । निर्माण क्षेत्र चलायमान हुन सक्दा अर्थतन्त्रको चक्र नै चलायमान हुन्छ ।

**अन्त्यमा, आगामी दिनमा आर्थिक मन्दीको अवस्था हट्नेमा कत्तिको आशावादी हुन सकिन्छ ?**

बजेट कार्यान्वयनमा जाँदा ६ प्रतिशतको आर्थिक वृद्धिदर कुनै ठूलो कुरा होइन । बिगतको अनुभवले निजी क्षेत्रले प्रमाणित गरेको छ । हामीले ७.७ प्रतिशत आर्थिक वृद्धि गर्न सफल भएका छौं । त्यसमा तत्काल पर्यटन र हाइड्रो पावर क्षेत्रलाई अलिकति राम्रो गर्न सक्यो भने आर्थिक वृद्धिदर निकै नजिक छ ।

तर, कोभिडपछि जुन प्रकारको नीति तथा कार्यक्रमहरू सरकारले ल्यायो त्यसको असर अहिलेसम्म देखिएको हो । अहिलेको आर्थिक शिथिलता ल्याउने कारण नै बिगतमा ल्याएको नीतिगत कारणहरू हुन् । ६ महिना लकडाउन झन निजी क्षेत्रलाई सहुलियत दिनु पर्ने अवस्थामा केही समय सहुलियत दिएर एक्कासी हटाइएको थियो । आयात नियन्त्रण गरिदिने, व्यापारलाई असहजीकरण गर्ने नीतिको कारण समस्या देखिएको थियो ।

तीन वर्षको संकुचित नीतिको कारण निजी क्षेत्रले ठूलो क्षति व्यहोरिसकेको छ । यो बीचमा अहिले १ लाख भन्दा बढी व्यवसायी कालोसूचीमा परेका छन् । यस्ता व्यवसायीलाई कर्जाको पुर्नतालिकीकरण, थप पुँजी प्रवाह र ब्याज जरिबानामा सहुलियत दिएर व्यावसायिक पुर्नउत्थान गर्न सहजीकरण गर्ने नीति आएको छ । त्यसैले केही आशा गर्न सकिन्छ । अब बजेटका मुख्य आसय, सिद्धान्त र मर्मअनुसार कार्यान्वयनमा जाने हो भने अर्थिक मन्दी हट्छ ।

**बजेट छलफल**

## ‘बजेट निर्माणमा आधारभूत मूल्य–मान्यता र सीमालाई अनुसरण गरिएको छ’




काठमाडौं/मस - उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्ष ०८२/८३ का लागि सरकारले ल्याएको बजेट निर्माणका क्रममा आधारभूत सिद्धान्त, मूल्यमान्यता र सीमालाई अनुशरण गरिएको बताएका छन् ।

नेपाल आर्थिक पत्रकार संघ (नाफिज) द्वारा शनिबार यहाँ आयोजित बजेटपछिको छलफलमा उनले मेहिनतका साथ काम गरे राजस्व लक्ष्य पनि सहजै पूरा गर्न सकिने गरी निर्धारण गरिएको स्पष्ट पारे । अर्थमन्त्री पौडेलले भने, ‘कहाँबाट आम्दानी हुन्छ, कति हुन्छ, त्यसको कहाँ र कसरी खर्च हुन्छ भन्ने सबै स्पष्ट छ, आन्तरिक ऋण पनि राष्ट्रिय वित्त आयोगले दिएको सुझावभित्र रहेर प्रक्षेपण गरिएको छ ।’

अन्तर्राष्ट्रियस्तरबाट प्राप्त हुनसक्ने सहयोग सीमाको पाटोलाई पनि हेक्का राखेर बजेट निर्माण गरिएको बताउँदै उनले स्रोत अनुमान ठीकै रहेको प्रतिक्रिया पाएकाले त्यसलाई प्रभावकारी परिचालनबाट पूरा गर्न सकिने दाबी गरे, उपप्रधानमन्त्री पौडेलले भने, ‘बजेट प्रभावकारी कार्यान्वयनबाट आर्थिक वृद्धिदरलाई प्राप्त गर्न सकिन्छ । बजेटलाई सहकारी क्षेत्रको महत्वलाई बुझेर समस्या समाधानमा केन्द्रित गरिएको छ, युवालाई नवप्रवर्तनका माध्यमबाट अघि बढाउन स्पष्ट र सशक्त पहल गरिएको छ, अब पूर्वाधार निर्माण समयमै पूरा गर्न र गुणस्तर कायम गराउन विशेष ध्यान दिइने छ ।’

पूर्वअर्थमन्त्री जनार्दन शर्माले विगतको निरन्तरताका रूपमा ल्याइएको बजेटले अर्थतन्त्र सुधार र नागरिकको जीवनमा समृद्धि दिलाउन नसक्ने जिकिर गरे । उनले भने, ‘नीतिगत र स्रोत व्यवस्थापनका हिसाबले विगतको निरन्तरतामा बजेट आएको छ, आर्थिक वृद्धिदर बढाउने कार्यक्रम देखिएको छैन, स्रोतको ठूलो दबाबमा बजेट छ, बजेटमा उल्लेख गरेको वैदेशिक लगानी र सहयोग कसरी जुट्छ किसान र हाम्रा स्रोतसाधन जोड्ने कार्यक्रम बजेटमा कहाँ छ ?’

आर्थिक क्षेत्रको महत्वपूर्ण निजी क्षेत्र उत्साहित हुनु आफैँमा सकारात्मक रहेको बताउँदै पूर्वअर्थमन्त्री शर्माले युवा र श्रम परिचालनको विषय नबोलिएकाले युवा आकर्षण र रोजगारी दिने विषय बजेटमा नपरेको दाबी गरे । ‘सत्तामा होइन, आर्थिक विकास र समृद्धिका एजेण्डामा राष्ट्रिय सहमति जुटाउनु पर्नेछ, मुलुकलाई विकास र समृद्धिमा लैजान समग्रतामा पुनःसंरचनाको खाँचो छ’, उनले भने ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीले बजेट कार्यान्वयनमा प्रमुख प्रतिपक्ष दल र निजी क्षेत्रले दिएका सुझावलाई आत्मसात गर्ने विश्वास दिलाए । उनले भने, ‘विगतमा अन्तरमन्त्रालयबीच सहयोग र समन्वय हुन नसक्दा बजेट कार्यान्वयनमा समस्या देखिएकामा त्यसमा सुधारको प्रयत्न गरिएको छ, त्यसैले पुँजीगत खर्च सहजै बढने अनुमान गरिएको छ, युवा लक्षित बजेट भएकाले उनीहरूलाई उत्प्रेरित र योगदानलाई उजागर गर्ने काम भएको छ ।’

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्रविधि र पर्यटनलाई प्राथमिकतामा राखेर बजेट आएकाले व्यापार र उद्योग क्षेत्रलाई प्रोत्साहन गर्ने देखिएकाले निजी क्षेत्रले स्वागत गरेको बताए । नेपालीलाई विदेशमा लगानी गर्न दिने विषय निकै महत्वपूर्ण र ऐतिहासिक रहेको भन्दै उनले महासंघले दिएका सुझाव अधिकांश समेटिएको प्रतिक्रिया दिए ।

अध्यक्ष ढकालले भने, ‘वातारणलाई नबिगारी सबै प्रक्रिया पूरा गरी खनिज र नदीजन्य पदार्थको प्रयोग गर्ने कुरा देश र जनताको हितमै छ । लगानी बोर्डलाई शक्तिशाली बनाइएको छ, ऊर्जा क्षेत्रलाई प्राथमिकता दिने र हवाई टिकटमा भ्याट हटाउने विषयलाई सरकारले ध्यान दिनुपर्छ ।’

नेपाल चेम्बर अफ कर्मसका अध्यक्ष कमलेशकुमार अग्रवालले अफठ्यारो परिस्थितिमा आएको बजेट विकासमुखी र महत्वकांक्षी हुनुका साथै आइटी र प्रविधिलाई ध्यानमा राखिएको भन्दै सराहना गरे। उनले ठूला राष्ट्रबाट आउने अनुदानमा कमी आउने देखिँदा अर्थतन्त्रमा असर पर्न गई व्यवसायमा संकुचन आउन सक्नेतर्फ विचार गरी पुनःकर्जाका व्यवस्था गर्न सुझाव दिए ।

नेपाल उद्योग परिसंघका पूर्वअध्यक्ष विष्णु अग्रवालले लगानीमैत्री वातावरण र निजी क्षेत्रको मनोबल उठाउने ढंगबाट बजेट ल्याइएको बताए । उनले भने, ‘ उद्योगी व्यवसायीको मनोबल उकास्ने र लगानी आकर्षित गर्ने किसिमबाट बजेट आएको छ, बजेटले सम्भावनाका क्षेत्र कृषि, ऊर्जा, पर्यटन र आइटी क्षेत्रलाई पहिचान गरेको छ ।’

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवी सिंहले आगामी आर्थिक वर्ष २०८२/८२ को बजेट समूह लक्षित नभई समग्रमा सबै क्षेत्रलाई समेटेको बताए। अटो मोबाइल एशोसिएशन अफ नेपाल (नाडा) का अध्यक्ष करण चौधरीले बजेटले मुलुकको अर्थतन्त्रलाई उजागर गर्ने उद्देश्य बोकेकाले सकारात्मक आएको बताए । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इपपान) का अध्यक्ष गणेश कार्कीले उद्योग व्यवसायका लागि जग्गाको हदबन्दी छुट दिने, जलाशययुक्त आयोजना निर्माण गर्ने गरी आएको बजेट निजी क्षेत्रमैत्री रहेको प्रतिक्रिया दिए । नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले चालु आवको बजेट महत्वकांक्षी भए पनि भड्काउ खालको नरहेको प्रतिक्रिया दिए । उनले देशको अर्थतन्त्र उकास्न प्रविधिको उपयोगका साथै वित्तीय क्षेत्रमा असल अभ्यास सुरु गर्ने जमर्को भएको बताए ।

अर्थविद् तथा योजना आयोगका पूर्वसदस्य डा रमेश पौडेलले शिक्षा र स्वास्थ्यका क्षेत्रमा अझ बढी विनियोजन गर्न सक्नेतर्फ बजेट निर्माताहरूले ध्यान पुऱ्याउन नसकेको जनाउँदै बजेट कार्यान्वयन गर्ने जिम्मेवारी निजी क्षेत्रको भएको धारणा राखे ।

आयोजक संस्था नाफिजका अध्यक्ष मेनुका कार्कीले निजी क्षेत्रले बजेटको स्वागत गरेजस्तै कार्यान्वयनमा पनि सरकारलाई सघाउनुपर्नेमा जोड दिए । संवैधानिक व्यवस्थाअनुसार सरकारले यही जेठ १५ गते रु १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट संघीय संसद्मा प्रस्तुत गरेको थियो ।

## हवाई भाडादरमा लाग्ने भ्याट नहटाएकामा नाट्टाको असन्तुष्टि

काठमाडौं/मस - नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)ले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटले हवाई भाडादरमा लाग्ने भ्याट नहटाएको भन्दै असन्तुष्टि व्यक्त गरेको छ । नाट्टाका महासचिव युविका भण्डारीले आज विज्ञप्ती जारी गरी सरकारद्वारा सार्वजनिक गरिएको आव २०८२/८३ को वार्षिक बजेटप्रति गम्भीर ध्यानाकर्षण भएको बताए ।

‘दुई वर्षदेखि निरन्तर रूपमा सरकारसमक्ष उठाइएका विविध विषयमध्ये विशेषतःराष्ट्रिय तथा अन्तरराष्ट्रिय हवाई भाडादरमा लाग्ने मूल्य अभिवृद्धि कर (भ्याट)सम्बन्धी जटिल र प्रतिकूल व्यवस्थालाई निरन्तर बेवास्ता गर्दै आइएको अवस्थामा, यस वर्ष पनि सो कर कायम राखिएकामा पर्यटनसम्बद्ध सरोकार भएका सबैलाई स्तब्ध बनाएको छ’, विज्ञप्तीमा भनिएको छ ।

प्रस्तुत बजेटले पर्यटन क्षेत्रका विभिन्न पक्षमा सकारात्मक नीति र व्यवस्था ल्याएको देखिएको बताउँदै महासचिव भण्डारीले नेपाल प्रवेशको सुरुआती चरणमा पर्ने हवाई सेवामा प्रत्यक्ष असर गर्ने भाडादरमा लाग्ने मूल्य अभिवृद्धि कर (भ्याट) सम्बन्धी प्रबन्धले पर्यटकको आवागमनमा निरुत्साहित गरेको धारणा राखे । ‘पर्यटकको सम्पूर्ण भ्रमण खर्चको तीन चौथाइभन्दा बढी हवाई यात्रामा खर्च हुने अवस्था सिर्जना भएको छ । पर्यटकको यथेष्ट आवागमनबिना बजेटमा पर्यटन प्रवर्द्धनसम्बन्धी उल्लेख गरिएका सकारात्मक पक्ष ओझेलमा पर्नसक्ने र तिनको कार्यान्वयनमा प्रत्यक्ष अवरोध आउने सम्भावना रहन्छ । जसले गर्दा ती व्यवस्था केवल घोषणामा सीमित रहने सम्भावना प्रबल देखिन्छ’, महासचिव भण्डारीद्वारा जारी विज्ञप्तीमा भनिएको छ ।

नाट्टाले अर्थमन्त्री, पर्यटनमन्त्री, सांसद तथा विभिन्न राजनीतिक दलका नेताले सार्वजनिक मञ्चमा हवाई भाडामा लाग्ने भ्याट अत्यन्त अनुचित रहेको, यसले अन्तरराष्ट्रिय मूल्य मान्यतासँग मेल नखाने, पर्यटन प्रवर्द्धनमा प्रतिकूल असर पार्ने र भौगोलिक रूपमा विकट क्षेत्रमा रहेका नेपालीको हवाई पहुँचमा बाधा पुऱ्याउने भन्दै भ्याट खारेजीका पक्षमा धारणा राख्दै आएपनि कार्यान्वयन नभएको भन्दै असन्तुष्टि व्यक्त गरेको हो ।


के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
* कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
* टोनर कार्टेज रिफिल,
* CCTV, EPABX बिक्रि तथा मर्मत,
* अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
* कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५



प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**